मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक २४ • २०८१ साल मंसिर १८ गते मंगलबार • Tuesday 03, December 2024 • सूर्योदय: बिहान ६:३८ बजे • सूर्यास्त: साँझ ५:११ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## घट्यो सुनको मूल्य

**काठमाडौँ ।**
सुनको मूल्य प्रतितोला एक हजार दुई सय रुपैयाँले घटेको छ ।
नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आईतबार प्रतितोला एक लाख ५० हजार पाँच सय रुपैयाँमा कारोबार भएको सुनको मूल्य सोमबार घटेर प्रतितोला एक लाख ४९ हजार तीन सय रुपैयाँ कायम भयो ।
नेपाली बजारमा सोमबार चाँदीको मूल्य पनि घटेको छ । चाँदी प्रतितोला २५ रुपैयाँले घटेर एक हजार आठ सय १५ रुपैयाँमा कारोबार भएको महासङ्घले जनाएको छ ।रासस

## अनिलको अर्धशतकमा जनकपुर बोल्ट्सको दोस्रो जित




**मधेशदृष्टि**
**वीरगंज ।**
सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा कप्तान अनिलकुमार साहको अर्धशतकीय पारीको मदतमा जनकपुर बोल्ट्सले कर्णाली याक्सलाई आठ विकेटले पराजित गरेको छ । जनकपुर बोल्ट्स आफ्नो दोस्रो खेलमा लगातार विजयी भएको हो । यसअघि शनिबार सम्पन्न पहिलो खेलमा जनकपुर बोल्ट्स विराटनगर किङ्ग्ससित आठ विकेटले नै विजयी भएको थियो । जितसँगै जनकपुर बोल्ट्स अङ्क तालिकाको शीर्ष स्थानमा रहेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको कर्णाली याक्सले निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाउँदै एक सय ४१ रन बनायो । एक सय ४२ रनको विजयी लक्ष्य जनकपुर बोल्ट्सले १५ दशमलव एक ओभरमा मात्र दुई विकेट गुमाएर पूरा ग¥यो । जनकपुर बोल्ट्सका लागि कप्तान अनिलकुमार साहले अविजित ६२ रन बनाए । उनले ४२ बल खेल्ने क्रममा तीन छक्का र छ चौका प्रहार गरे । यस्तै, आशिफ शेखले २९ बलमा दुई छक्का र दुई चौकाको मद्दतमा ३६ रनको योगदान दिए । श्रीलङ्काली खेलाडी लाहिरु मिलन्थाले १३ बल खेल्दै दुई छक्का र दुई चौकासहित २४ रन बनाए । जिमी निशिमले आठ बलमा अविजित १६ रन बनाए । यसमा उनको एक छक्का र दुई चौका सामेल थियो । बलिङतर्फ कर्णाली याक्सका लागि जिशम मक्सुद र मौसम ढकालले एक–एक विकेट लिए ।

यसअघि पहिला ब्याटिङ गरेर एक सय ४१ रनको योगफल तयार गर्ने क्रममा कर्णाली याक्सका लागि गुल्सनकुमार झाले २७ बल खेल्दै तीन छक्का र एक चौकाको सहयोगमा सर्वाधिक ३६ रन जोडे । त्यस्तै, अर्जुन घर्तीले २२ बलमा दुई चौका र दुई छक्का हान्दै ३३ रन बनाए ।

यस्तै, कप्तान सोमपाल कामीले अविजित २९ रनको योगदान दिए । उनले १३ बल खेल्नेक्रममा एक छक्का र तीन चौका प्रहार गरे । भारतीय खेलाडी शिखर धवनले १४ बल खेल्दै तीन चौकाको मदतमा १४ रन बनाए । यस्तै हङकङका बाबर हायातले १२ रन बनाए । बलिङतर्फ जनकपुर बोल्ट्सका लागि पाकिस्तानी खेलाडी मोहम्मद मोहसिन खानले दुई, जिमी निशम, हर्ष ठाकेर, ललितनारायण राजवंशी र किहोर महतोले एक–एक विकेट लिए ।

## उपराष्ट्रपतिद्वारा गढीमाई मेला उद्घाटन



**मधेशदृष्टि**
**बारा ।**
उपराष्ट्रपति राम सहाय प्रसाद यादवले महागढीमाई नगरपालिका वडा नम्बर १ बरियारपुरमा रहेको विश्वप्रसिद्ध गढीमाई मन्दिरमा विषेश पूजाआजा गरेर उद्घाटन गरेका छन् । उनले सोमबार बिहान गढीमाई मन्दिर पुगेर पूजाआजा गर्नुका साथै विधिवतरुपमा विषेश पूजा उद्घाटन गरे ।

उनलाई महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादव, स्थानीय प्रशासनलगायतका प्रतिनिधिले स्वागत गरेका थिए । उपराष्ट्र पति यादवले गढीमाताको पूजाआजा गरेपश्चात मेला तथा नेपाली सेनाद्वारा स्थापना गरिएको स्वास्थ शिविर अवलोकन गरे । उनको आगमनलाई लिएर मेला क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको थियो । मेलामा सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको बाक्लो उपस्थिति थियो ।

बारा जिल्ला उपराष्ट्रपति यादवको गृह जिल्लासमेत हो । पछिल्लो समय गढीमाई मेलामा घुम्न आउने पर्यटकको संख्या बढ्दै गएको छ । यसवर्षको गढीमाई मेला मंसिर १ गतेबाट शुरु भइसकेको छ । मेलाको विषेश पूजा मंसिर १७ गते आजबाट शुरु भएको छ । यही पूजा उद्घाटन गर्न उपराष्ट्रपति यादव हेलिकोप्टरमार्फत बारा आएका हुन् । पशु बलीका लागि विश्वप्रसिद्ध गढीमाई मेलामा मंसिर २३ गते राँगो र २४ गते बोका बली दिइने कार्यक्रम रहेको मेला व्यवस्थापन समितिले जनएको छ ।

### पाँचदिनसम्म सार्वजनिक बिदा

विश्वप्रसिद्ध गढीमाई मेलाको अवसरमा बारा जिल्लाका सबै स्थानीय तहले सार्वजनिक बिदा दिने भएका छन् । बाराको १६ वटै पालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको मंसिर २ गते बसेको बैठकले गरेको निर्णयअनुसार १६ वटै पालिकामा सार्वजनिक बिदा दिइने भएको हो । प्रत्येक पाँच वर्षमा एकपटक लाग्ने मेलाको अवलोकन गर्न पालिकाले ४ देखि ५ दिनसम्म स्थानीय चाड पर्व बिदाअन्तर्गत पालिकामा बिदा दिइने महागढीमाई नगरपालिकाको नगर प्रमुख उपेन्द्र प्रसाद यादवले बताए ।
बैठकमा गढीमाई मेला सफल तथा व्यवस्थितरुपमा सञ्चालन र व्यवस्थापन गर्नुका साथै गढीमाई क्षेत्रको पर्यटकीय, सांस्कृतिक विकास प्रवद्र्धन गर्न मंसिर २१ गतेदेखि २५ गतेसम्म अति आवश्यक सेवाबाहेक सम्पूर्ण वडा कार्यालय र बैंक तथा वित्तीय, शैक्षिक संस्था बन्द गर्ने निर्णय भएको नगरप्रमुख यादवले बताए ।

## धूमधामका साथ फूलबारी लीला

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाममा सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको दोस्रो दिन विवाहमण्डपमा फूलबारी लीला भएको छ । नगर भ्रमण र रात्रीविश्रामपछि दोस्रो दिन राम र लक्ष्मणका गुरु विश्वामित्रको पुजाका लागि फूल टिप्न बागतडाग पुगेका थिए । बाग तडागमा विभिन्न किसिमका फूल, लता, वृक्ष, पुतली, भवरा राम्रो देखिएको थियो । अर्को दिशामा सीता आफ्ना साथीहरूसँग बगैँचामा फूलहरू टिप्न पुगेकी थिइन् ।



माता सीता र भगवान राम अचानक एक अर्कालाई देखादेख गर्छन् । माता सीताको दर्शनमा भगवान रामको दर्शन हुन्छ । भगवान श्रीरामलाई देखेपछि सीता स्वतः भावुक भइन् । यो दृश्य देखेर सबै साथीले सीताको मजाक उडाए । उनी अपरिचित व्यक्तिसँग प्रेममा परेकी थिइन् । सबैले सीताको शरीर हल्लाएपछि सीता विचलित भइन् । भगवान श्री रामका साथ पनि त्यस्तै भयो ।
अयोध्याका रामलीलाका कलाकारहरूले भगवान राम, लक्ष्मण र सीता, सीताका सहेली, माली र द्वारपालको भूमिका निभाएका थिए । यस अवसरमा महिलाले सबै मंगल गीत वाचन गर्छन् ।
फूलबारी लीला कार्यक्रममा जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णव, उत्तराधिकारी महन्त राम रोशनदास वैष्णव, बाबा राम भुषण, जनकपुरधामका मेयर मनोजकुमार साह लगायतका महानुभावको उपस्थिति थियो । नेपाल र भारतका हजारौँले फूलबारी लीला कार्यक्रम हेरेका थिए ।

## जनमतद्वारा सभामुखको राजीनामा माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले सभामुख देवराज घिमिरेले पदबाट राजीनामा दिनुपर्ने अडान अघि सारेको छ । मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको पार्टीले केन्द्रीय सत्तामा सभामुखविरुद्ध बोलेको हो । उसले सभामुख घिमिरेले जनमत पार्टीको अनुरोध अस्वीकार गरेको जनाएको छ ।
जनमतले पार्टीमा साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेकी सांसद गोमा लाभ सापकोटालाई सांसद पदबाट हटाउन माग गरेकामा सभामुख घिमिरेले इन्कार गरेको भन्दै राजीनामाको प्रस्ताव अघि सारेको हो । पार्टी प्रवक्ता शरद सिंह यादवले जारी गरेको विज्ञप्तिमा सभामुखले अधिकार क्षेत्र बाहिर गएर गैरसंवैधानिक काम गरेको आरोप लगाएका छन् ।
जनमतले सांसद सापकोटालाई पदबाट हटाइदिन २०८१ कात्तिक २७ गते सङ्घीय संसद् सचिवालयलाई पत्राचार गरेको थियो । तर सभामुख घिमिरेले मंसिर ७ गते सांसद लाभलाई पदबाट हटाएको सूचना टाँस गर्न इन्कार गरेका थिए । 'कारबाही प्रक्रिया मिले नमिलेको, आधार गम्भीर रहे नरहेको, कागजात सक्कली रहे नरहेको 'फोरेन्सिक जाँच' गर्ने अधिकार सङ्घीय संसद् सचिवालयलाई स्पष्टरूपमा छैन', जनमत पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दलको विधानअनुसार कारबाही मिले नमिलेको हेर्ने निकाय निर्वाचन आयोग हो या त अदालत हो ।'
जनमतले गरेको कारबाही बदर गर्दा संसद् सचिवालयले दलको सर्वोच्चतालाई हनन गरेको आरोप लगाएको छ ।
'सभामुखले कुनै पार्टी विशेषको एउटा कार्यकर्ता बनेर आफ्नो अधिकार क्षेत्रभन्दा धेरै बाहिर गएर गैर कानूनी, गैरसंवैधानिक, बहुदलीय संसदीय व्यवस्था तथा लोकतन्त्रमाथि नै आँच आउने गरी आपराधिक कार्य गरेको छ,' जनमतको विज्ञप्तिमा भनिएको छ, 'कोही प्रतिनिधि सभा सदस्य सभामुखको नातेदार र समुदायको मान्छे प¥यो भन्दैमा र सभामुखको (पूर्व) पार्टी नेकपा (एमाले) मा जाने वचनबद्धता ग¥यो भन्दैमा जनमत पार्टीको केन्द्रीय समितिले सम्पूर्ण प्रक्रिया पु¥याई कारबाही सदर गरिसकेको सदस्यलाई यसरी गैरसंवैधानिक कदमद्वारा रक्षा गर्ने सभामुखले अविलम्ब राजीनामा दिनु पर्दछ ।'

## आर्थिक मन्दी अन्त्य गर्न एमाले–कांग्रेसको सरकार

**मधेशदृष्टि**
**राजविराज ।**
नेपाली काग्रेसका वरिष्ठ नेता डाक्टर शेखर कोइरालाले देश आर्थिक जर्जरता र अराजकतातिर जान थालेकाले साथै आर्थिक मन्दी अन्त्य गर्न दुई ठूलो दल नेपाली काङ्ग्रेस र एमाले मिलेर सरकार सञ्चालन गर्नु परेको बताएका छन् । कोइरालाले सप्तरीको कञ्चनरुप नगरपालिकास्थित रुपनगर फत्तेपुर कञ्चनपुर जोड्ने त्रिमार्ग मोडको सडकमा विश्वेश्वर प्रसाद कोइरालाको शालिक अनावरण तथा बिपी चोक नामकरण गर्दै यस्तो बताएका हुन् ।
डाक्टर कोइरालाले स्वास्थ्य क्षेत्रको अवस्था पनि सोचेअनुसार सुविधासम्पन्न नभएकाले जनताले प्रत्यक्ष लाभ पाउने गरी स्वास्थ्य क्षेत्रको विकास हुनुपर्नेमा जोड दिँदै कञ्चनरुप नगरपालिकाभित्र रहेको अस्पताललाई सुविधासम्पन्न बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । डाक्टर कोइरालाले वर्तमान अवस्थामा शिक्षाक्षेत्रको अवस्था ज्यादै नाजुक भएकाले उपलब्धिमूलक गुणस्तरीय शिक्षा प्रदान गरी मानिसलाई शिक्षित बनाउन आवश्यक रहेको बताए ।
महिला उद्यमशील नभएसम्म समाजको विकास नहुने भएकाले एउटा महिला उद्यमशीलको उद्योग सञ्चालन हुन आवश्यक रहेको भन्दै दुई तीन बिघा जमिन पालिकाले उपलब्ध गराए उद्योग खोल्न सहयोग गरिने डाक्टर कोइरालाले प्रतिवद्धता व्यक्त गरे ।



शालिक अनावरण तथा बिपी चोक नामकरणमा युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी, नेकपा मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री कौशल किशोर राय, प्रतिनिधि सभा सदस्य दिनेश कुमार यादव, एमालेका पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेल, नेपाली काङ्ग्रेस मोरङ्ग सभापति एवम् पूर्वमन्त्री डिकबहादुर लिम्बू, पूर्वमन्त्री सत्यनारायण मण्डल, नेपाली काङ्ग्रेसका सप्तरी सभापति रामदेव साह, जसपाका नेता एवम् पूर्व सांसद डाक्टर सूर्यनारायण यादवलगायतका वक्ताले बिपीको योगदानको चर्चा गरे ।
कञ्चनरुप नगरपालिकाका प्रमुख ललन प्रसाद गुप्ताको अध्यक्षतामा आयोजित कार्यक्रममा स्वागत उपप्रमुख मुना कुमारी पोखरेलले गरिकी थिइन् ।

# मन्त्रिपरिषद्‌के बैसार निर्णय सार्वजनिक

**काठमाण्डू ।**
इएह अगहन १० आ १३ गते बैसल मन्त्रिपरिषद्‌के बैसारमे कएल गेल निर्णयसभ काइल सार्वजनिक कएल गेल अइछ ।
मन्त्रिपरिषद् निर्णयबारे जानकारी देबाक लेल सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमे आयोजित पत्रकार सम्मेलनमे सञ्चारमन्त्री तथा सरकारक प्रवक्ता पृथ्वीसुब्बा गुरुङ नेपाल सरकार आ गणतन्त्र फिनल्याण्डबीच 'फिनल्याण्डके सार्वजनिक लगानी सुविधा योजनाअन्तर्गत वित्त परिचालन होबाक परियोजना' विषयक नमूना सम्झौता स्वीकृत करबाक निर्णय भेल जानकारी देलैन ।
'प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमके लेल प्रतिवद्धता प्राप्त भेल टकामे खर्च होबाक लेल बाँकी ७९.२३ मिलियन अमेरिकी डलरमध्ये प्राविधिक सहायतादिस साविकके प्राविधिक सहायता आ कुल बजेटके अनुपात नै वृद्धि होबाक हिसाबेँ परिमार्जित कार्यक्रम दस्तावेज स्वीकृत करबाक आ उक्त सम्बन्धी संशोधित संयुक्त वित्तीय व्यवस्था अनुमोदन करबाक मन्त्रिपरिषद् निर्णय केलक अइछ,' मन्त्री गुरुङ कहलैन ।
मन्त्रिपरिषद् बैसार नेपाल आयल निगम लिमिटेडकेँ चितवनके राप्ती नगरपालिकामे २–१९–१६.९ बिघा जमीन प्राप्त करबाक लेल स्वीकृति देबाक, पुष्पलाल (मध्यपहाडी) राजमार्ग परियोजनाकेँ राष्ट्रिय वनके १.०७२ हेक्टर जमीन प्रयोग करबाक लेल देबाक आ नेपाल विद्युत् प्राधिकरणकेँ कालिगण्डकी–रिडी १३२ केभी विद्युत् प्रसारण लाइन आयोजना निर्माणक लेल राष्ट्रिय वन क्षेत्रके ६.२१ हेक्टर जग्गा प्रयोग करबाक लेल स्वीकृति देबाक निर्णय केलक अइछ ।
तहिना पुस ३ सँ १० गतेधैर गणतन्त्र कोरियामे फोहोर व्यवस्थापनसम्बन्धी अध्ययन भ्रमणमे सहभागी होबाक लेल पोखरा महानगरपालिकाक प्रमुख धनराज आचार्यकेँ स्वीकृति प्रदान करबाक तथा एसियाली विकास बैंकसँ 'क्लाइमेट रेसिलेन्ट ल्याण्डस्कोप एण्ड लाइभलिहुड' परियोजनाक लेल प्रस्ताव कएल गेल २२ मिलियन अमेरिकी डलर अनुदान तथा १० मिलियन अमेरिकी डलर कर्जा सहायता स्वीकार करबाक निर्णयसेहो मन्त्रिपरिषद् बैसार केलक अइछ ।
तहिना एसियाली विकास बैंकसँ नवीनतम यान्त्रिक सिंचाइ आयोजनाके कार्यान्वयनक लेल नेपाल सरकारकेँ प्राप्त होबाक एक सओ १० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण कर्जा आ १५ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार करबाक निर्णय भेल प्रवक्ता गुरुङ जानकारी देलैन ।
तहिना सरकार भारतके नयाँ दिल्लीमे आयोजना होबएबला '२९म् पार्टनरशिप समिट'मे सहभागी लेल उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीकेँ स्वीकृति देबाक आ चालु आर्थिक वर्ष २०८१÷८२ का लेल उखके उत्पादन लागत, ढुवानी भाडा आ मुनाफासमेत क कृषकद्वारा उत्पादन कएल उखके न्यूनतम खरिद मूल्य प्रति क्विन्टल रु पाँच सओ ८५ निर्धारण कएल गेल अइछ ।
नेपाल सरकार आ 'इन्टरनेशनल वाटर म्यानेजमेन्ट इन्सटिच्युट बीच होबएबला मेमोरेन्डम अफ अन्डरस्टयान्डिङके स्वीकृत देबाक, नेपाल सरकार आ दि इन्टरनेशनल सेन्टर फर रिसर्च इन द सेमी एरिड ट्रपिक्स... इन्टरनेशनल सेन्टर फर रिसर्च इन एग्रोफोरेस्ट्री एण्ड दी सेन्टर फर इन्टरनेशनल फरेष्ट्री रिसर्च (सीआईएफएफ) बीच होबएबला समझदारी पत्र स्वीकृत करबाक मन्त्रिपरिषद् निर्णय केलक अइछ ।
तहिना सरकार इएह अगहन १७ सँ २० गतेधैर प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा कएल जाएबला मित्रराष्ट्र जनवादी गणतन्त्र चीनके औपचारिक भ्रमणमे सहभागी होबाक प्रतिनिधिमण्डलके भ्रमण स्वीकृत करबाक सङे गोकर्णेश्वर नगरपालिका, काठमाण्डू महानगरपालिकाके प्रशासकीय भवन निर्माण करबाक लेल सरकारी जमीन उपयोग करबाक लेल स्वीकृति देबाक निर्णय भेल प्रवक्ता गुरुङ जानकारी देलैन ।
तहिना उखक कृषककेँ अनुदान देबाक सम्बन्धी कार्यविधि, २०७५ (दोसर संशोधन, २०७६ सहित) के दफा ३(१) बमोजिम चालु आव २०८१÷८२ क लेल अनुदान टका प्रति क्वीन्टल रु ७० टका कायम करबाक सेहो निर्णय भेल मन्त्री गुरुङ जानकारी देलैन ।

# प्रधानमन्त्री ओली चीन प्रस्थान

**काठमाण्डू ।**
प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनके चाइरदिनक औपचारिक भ्रमणक लेल बेइजिङ प्रस्थान केलैन अइछ ।
चीनक प्रधानमन्त्री ली छ्याङके मैत्रीपूर्ण निमन्त्रणमे पड़ोसी मित्रराष्ट्र चीनके औपचारिक भ्रमणक लेल आइ ओ चीनदिस प्रस्थान केलैन ।
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलके अतिविशिष्ट कक्षमे प्रधानमन्त्री ओलीकेँ उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह आ गृहमन्त्री रमेश लेखक बिदाइ केलैन ।
तहिना, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, नेपाल सरकारक उच्च पदस्थ अधिकृत, सुरक्षा निकायक प्रमुख तथा नेपालस्थित चिनियाँ दुतावासक प्रतिनिधिसमेत प्रधानमन्त्री ओलीके बिदाइक लेल विमानस्थल पहुँचल छलैथ ।
प्रधानमन्त्री ओलीकेँ एहिसँ पहिने नेपाली सेनाके एक टुकडी सम्मान गारत अर्पण केलक ।
बेइजिङमे प्रधानमन्त्री ओली



चीनक राष्ट्रपति सी जिनपिङसङ भेटवार्ता करबाक कार्यक्रम रहल परराष्ट्र मन्त्रालय जनौलक अइछ ।
चिनियाँ समकक्षी लीसँगके भेटमे द्विपक्षीय हितक विविध विषयमे विचार विमर्श हएत ।
प्रधानमन्त्री ओलीसङ चीनके राष्ट्रिय जनकांग्रेस स्थायी समिति अध्यक्ष झाओ लेजीद्वारा सेहो भेट करबाक कार्यतालिका अइछ ।
भ्रमणक क्रममे प्रधानमन्त्री ओलीद्वारा पेकिङ विश्वविद्यालयमे मुख्य सम्बोधन करबाक कार्यक्रम अइछ ।
तहिना ओ बेइजिङस्थित नेपाली राजदुतावास, चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड आ नेपाल उद्योग वाणिज्य महासङ्घके संयुक्त आयोजनमे होबएबला नेपाल–चीन व्यापार मञ्चकेँ सम्बोधन करबाक कार्यक्रम अइछ । प्रधानमन्त्री ओलीक साथमे हुनक धर्मपत्नी राधिका शाक्य सहभागी रहथिन ।
तहिना प्रधानमन्त्री ओली नेतृत्वके नेपाली प्रतिनिधिमण्डलमे परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीक मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीक आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, संसद्सभ, विशिष्ट श्रेणीक सरकारी अधिकारीसभ, निजी क्षेत्रक प्रतिनिधिसभ, सञ्चारकर्मीलगायत सहभागी रहत । प्रधानमन्त्री ओली नेतृत्वके प्रतिनिधिमण्डल इएह अगहन २० गते काठमाण्डू एबाक कार्यक्रम अइछ ।

# सशस्त्र प्रहरी नायब निरीक्षकके मृत्यु प्रकरणमे दू गोटे नियन्त्रणमे

**सिरहा ।**
स्कोरपियोक ठोकरसँ सिरहामे सशस्त्र प्रहरी नायब निरीक्षक (सई) के मृत्यु प्रकरणमे दू गोटेकेँ नियन्त्रणमे लेल गेल अइछ ।
अनुसन्धानक क्रममे पुछताछक लेल दू गोटेकेँ नियन्त्रणमे लेल गेल प्रहरी जनौलक अइछ ।
हुनकासभकेँ रैविदन नियन्त्रणमे ल आवश्यक बयान लेबाक काज भ रहल जिला प्रहरी कार्यालय सिरहाक प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डित जानकारी देलैन । घटनामे प्रयोग भेल गाडी आ सङ्लग्न व्यक्तिके सेहो पहिचान भ चुकल प्रहरी उपरीक्षक पण्डित बतौलैन ।
नम्बर नै खुलल स्कोरपियोक ठोकरसँ नेपाल–भारत सीमा लगमे बरियारपट्टी–१ कचनारीक भिती सड़कमे गस्तीमे रहल सशस्त्र प्रहरी नायब निरीक्षक ४८ वर्षीय लक्ष्मणप्रसाद यादवके रैविदन भोर मृत्यु भेल छल । ठोकर द उक्त स्कोरपियो भारतदिस भागल छल ।
मृतक यादवके लहानस्थित प्रादेशिक अस्पतालमे शव परीक्षण क रैविदन साँझ नरहा गाउँपालिका ४ स्थित घरमे आइन क अन्त्येष्टि कएल गेल छल । अइसँ पहिने अवैध दारू ओसारपसार क रहल गाडीकेँ रोकैके क्रममे योजनाबद्ध तरिकासँ हत्या कएल आरोप लगाबैत परिवारजन सहित स्थानीयवासी पूर्व–पश्चिम सड़कके लहानखण्ड अवरुद्ध केने छल ।

# एनपिएलः चितवन राइनोजद्वारा काठमाण्डू गुर्खाज पराजित

**काठमाण्डू ।**
सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) के दोसर खेलमे चितवन राइनोज काठमाण्डू गुर्खाजकेँ पाँच विकेटसँ पराजित केलक अइछ ।
काठमाण्डू गुर्खाजद्वारा जीतक लेल प्रस्तुत कएल एक सओ १२ रनके लक्ष्य चितवन राइनोज १७ दशमलव एक ओभरमे पाँच विकेटक क्षतिमे पूरा केलक ।
चितवनक लेल सन्तोष कार्की सर्वाधिक २८ रन बनौलैथ । ओ ३१ बलमे दू चौका आ एक छक्का प्रहार केलैथ । एहिना लुक बेन्केनस्टाइन २२, हसन इशाखिल १२, कप्तान कुशल मल्ल ११ आ रवि बोपरा ११ तथा शरद भेषवाकर अविजित ११ रन बनौलैथ ।
काठमाण्डू गुर्खाजक लेल शाहब आलम तीन तथा गेहार्ड इरास्मस आ डान डाउथवेट एक एक विकेट लेलक ।
एहिसँ पहिने कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमे टस हाइर पहिने ब्याटिङ केने काठमाण्डू निर्धारित २० ओभरके खेलमे नओ विकेटक क्षतिपर एक सओ ११ रन बनौलक ।
काठमाण्डूक लेल सुमित महर्जन ४१ बलमे एक चौकाक सहयोगमे सर्वाधिक २९ रन बनौलैन । तहिना माइकल भिट १६ बलमे चाइर चौका आ एक छक्का मारैत २५ रन बनौलैथ । डान डाउथवेट अविजित १९ आ शङ्कर राना १६ रन बनेलैथ ।
बलिङमुद्दाफ चितवन राइनोजक लेल सोहेल तन्मिर पाँच विकेट लेलक । ओ चाइर ओभर बलिङ करैत २१ रन प्रदान केलक ।
तहिना रिजन ढकाल, अमरसिंह राउटेला, कुशल मल्ल आ लुक बेन्केनस्टाइन एक एक विकेट लेलक ।
किछदेरमे दोसर खेल जनकपुर वोल्ट्स आ कर्णाली याक्सबीच शुरू भ रहल अइछ ।







# आइगलगीसँ एक करोड़ बेसीके क्षति

**महोत्तरी ।**
विद्युत् सट भ आगलागी भेलासँ बर्दिबास नगरपालिका–१४ मे एक करोड़ टका स बेसीके क्षति भेल प्रहरी जनौलक अइछ ।
इलाका प्रहरी कार्यालय महोत्तरीक अनुसार बर्दिवास–जलेश्वर सड़कके औरहीरोड स्थित न्यू दुर्गा इलेक्ट्रिक सप्लायर्स पसलमे बितल राइत आगलागी भेलासँ विद्युतीय सामान जरल छल । रामसेवक महतोके तीनत घरके निचला तल्लाक १३ टा सटरमध्ये छ टाम राखल सामान आइगलगीसँ जरल अइछ । धनुषाके जनकपुरधाम उपमहानगरपालिका–१३ क सहाजिस नदाफ घर भाडामे ल विद्युतीय सामानके दोकान करैत आएल छलैथ ।
स्थानीय, सेना आ प्रहरीक सङे रामगोपालपुर नगरपालिकासहितके चाइरटा दमकल प्रयोग क आइग मिझाएल इलाका प्रहरी कार्यालय बर्दिबासक प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेल जानकारी देलैन ।

# डाक्रेश्वरी–१ मे जसपा नेपालक साह विजयी

**काठमाण्डू ।**
सप्तरीके डाक्रेश्वरी नगरपालिका वडा नं १ के अध्यक्षमे जनता समाजवादी पार्टी, नेपालका धीरेन्द्र कुमार साह विजयी भेल छैथ । रैविदन सम्पन्न उपनिर्वाचनमे साहके छ सओ ५२ मत प्राप्त भेल निर्वाचन आयोग जनौलक अइछ ।
साहक निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसक भुलियादेवी थरुनीपाँच सओ ८७ मत प्राप्त केलैन । सङे नेपाल कम्युनिष्ट पार्टी (एमाले)क भगवानी साह दू सओ ६५, राष्ट्रिय प्रजातन्त्र पार्टीक सतिशकुमार चौधरी एक सओ ६५, जनमत पार्टीक शैलेन्द्र कुमार साह (तेली)७४, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)क प्रमोदकुमार सन्त २९, नागरिक उन्मुक्ति पार्टीक अनरुद्धप्रसाद चौधरी २० आ स्वतन्त्र उम्मेदवार सुशील साह दू मत प्राप्त केने निर्वाचन आयोग जनौलक अइछ ।

सम्पादकीय

# मधेशको महिमाः मेलामहोत्सव

मधेश प्रदेशको धनुषा र बारामा धार्मिक अनुष्ठानहरु भइरहेका छन् । बारामा एकमहिने गढीमाई मेला सञ्चालन भइरहेको छ । सोमबार उपराष्ट्रपति रामसहायप्रसाद यादवले मेला उद्घाटन गरे । उनले विशेष पूजाआजा गरे । यो पञ्चवर्षीय मेला हो । बलीका लागि विश्वप्रसिद्ध मेला हो । नेपाल र भारतसहित विभिन्न देशका करोडको हाराहारीमा भक्तजन र दर्शनार्थी आउने मेला हो । यो मेलामा बोका, राँगो बली दिइने गरिन्छ । बाराका १६ वटा स्थानीय तहहरुले मेलाका लागि पाँचदिनसम्म स्थानीय बिदा दिएका छन् । यतिसम्मकी वित्तीय संस्थाले समेत कारोबार बन्द गरेका छन् । मेलालाई बाराको गौरवका रुपमा लिन यसपटक १६ स्थानीय तह कम्मर कसेर लागेका छन् । मेला व्यवस्थित बनाउने काममा सबै स्थानीय तहको ऐक्यवद्धता छ । यो मेला भर्न विभिन्न देशबाट भक्तजन आउन गर्छन् । उनीहरुलाई आवासको समेत व्यवस्था मिलाइएको छ । बलीको दृश्य कैद गर्न विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमका प्रतिनिधि पनि आउने गर्छन् । उनीहरुले यसलाई विश्वव्यापी बनाएका छन् । बलीका लागि गढीमाइ मेलाको विशेष महिमा छ ।

यता, धनुषाको जनकपुरधाममा पनि विवाहपञ्चमी महामहोत्सव भइरहेको छ । साताव्यापी महामहोत्सव अन्तर्गत भारतबाट जन्ती आएका पाँच सय जनालाई स्वागतका लागि महोत्तरीमा विशेष तयारी छ । धनुषाको जनकपुरधाममा उस्तै तयारी छ । त्रेतायुगदेखि अयोध्या र जनकपुरको सम्बन्धलाई नाटकमा पनि देखाउने गरिन्छ । यो महोत्सवलाई निकै गरिमाका रुपमा जनकपुरधामले प्रस्तुत गर्दै आएको छ । यसपटक त मधेश प्रदेश सरकारले समेत यसलाई आफ्नो प्रतिष्ठाको विषय बनाएको छ । यतिसम्मकी मुख्यमन्त्री सतिश कुमार सिंह आफैँ अयोध्या गएका थिए । जनकपुरधाममा साताव्यापी मनाइने महामहोत्सवलाई व्यवस्थित पार्न जनकपुरधाम उपमहानगरका अलावा धनुषाका स्थानीय तहरु सक्रिय छन् । यस्तै, मधेश प्रदेश सरकार सक्रिय भएको छ । साताव्यापी महामहोत्सवलाई भव्य बनाउने कामसँगै यतिखेर मधेशको धार्मिक महिमाले सिंगो देशको ध्यानाकृष्ट गरेको छ । यी दुई धार्मिक पर्वलाई भव्य र सभ्य बनाउने काममा सबै जुटेका छन् ।

दुवै मेलालाई शान्तिपूर्ण ढंगले समापन गर्न र नागरिकको सुरक्षासँगै मेला व्यवस्थित गर्न यसपटक मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले सुरक्षा बैठकसमेत गरेको छ । मधेश प्रदेशका शान्तिसुरक्षाको सरोकार राख्ने सबै सुरक्षा निकायलाई बोलाएर बैठक भएको हो । दुवै महोत्सव भव्य बनाउन र नागरिकको शान्तिपूर्ण ढंगले मेलामा सहभागिता जनाउने काममा कुनै बाधाअवरोध नहोस् भनेर मधेश सुरक्षा संयन्त्रले काम गरिरहेको छ । पोशाकमै प्रहरी र सशस्त्र प्रहरी परिचालन भएका छन् । सादा पोशाकमा पनि प्रहरी परिचालन गरिएको छ । शान्तिपूर्ण ढंगले दुवै महोत्सव सफलीभूत पार्ने काममा प्रदेश सरकारको पनि प्रयास देखिन्छ । स्थानीय तह र प्रदेश सरकारका प्रयासले धार्मिक महिमा अरु बढेको देखिन्छ ।

# लैङ्गिक हिंसाविरुद्ध सामाजिक न्यायमा शिक्षाको भूमिका



हरिविनोद अधिकारी

नेपालमा सन् १९९७ सालदेखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान गरिँदै आएको छ । यो अभियानको इतिहासमा जाँदा सन् १९६० मा डोमेनिक गणराज्यका तीन दिदीबहिनीहरू पेट्रिया, मिनर्भा र मारियालाई त्यहाँ ँको निरङ्कुश सरकारले राजनीतिक विरोधीका रूपमा मारेकाले र त्यही कारणले त्यहाँको निरङ्कुश सरकारको पनि केही समयपछि पतन भएकाले डोमेनिकन सरकारकोसमेत प्रयासले नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको दिवस मनाउन संयुक्त राष्ट्रसङ्घले आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गरेको हो । नोभेम्बर २५ तारिखदेखि सुरु भएको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अन्तिम दिन मानव अधिकारको विश्वव्यापी घोषणाको दिन मानव अधिकार दिवसमा पारिएको छ ।

नेपालमा पनि अहिले यो १६ दिने अभियान निरन्तरतामा छ । हुन त यस १६ दिने अभियानको नाम लैङ्गिक हिंसाविरुद्ध भने पनि खासमा महिलाविरुद्धमा गरिने हिंसालाई कसरी कम गर्ने भन्ने सचेतना अभियानका रूपमा लिइन्छ । एकातिर प्रत्येक वर्ष सचेतना अभियान गरिन्छ तर महिलामाथि हुने हिंसात्मक प्रवृत्ति नेपालमा पनि बढेकै छ र संसारमा पनि प्रत्येक वर्ष वृद्धि भएको पाइन्छ । प्रत्येक वर्षझैँ यस वर्ष पनि नेपालले राष्ट्रियरूपमा आफ्नो प्रतिबद्धता जनाउँदै हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता भन्ने नाराका साथ विभिन्न तहमा कार्यक्रम सञ्चालन गरिएका छन् । नेपालमा घरेलुहिंसा भनेको महिला हिंसासँग जोडिन्छ महिलाहिंसा भनेको लैङ्गिक हिंसासँग जोडिन्छ । महिला हिंसा भन्यो भने पनि त्यो घरेलु हिँसासँग मिल्न जान्छ । पितृसत्तात्मक परम्पराका कारणले हिंसाका कारण र परिणाममा महिलाको नाम जोडिन जान्छ । त्यसैले लिङ्ग वा यौनका कारणले हुने हिंसात्मक प्रवृत्तिका सम्बन्धमा जानकारी राख्नुपर्ने हुन्छ । लैङ्गिक विभेद्, घरेलु हिंसा, बलात्कार, मानवीय बेचबिखन र त्यसका परिणाम अनि सामाजिक न्यायका दृष्टिले त्यसको निराकरण आदि यस समयका केन्द्रीय विषय हुन् । पौराणिककाल तथा महाभारतकालमा समेत महिलाप्रति गरिएका विभेद्कारी नीतिका कारणले नै एउटा युगको संस्कृति नै महायुद्धमार्फत समाप्त भएको थियो । विभिन्न तरिकाका महिलाहिंसा वा घरेलु हिंसालाई रोकेर र कम गरेर मात्र हामी सभ्य समाजको रूपमा विकसित हुनसक्छौँ ।

समाजलाई लैङ्गिक सन्तुलनमा राख्न र लैङ्गिक हिंसाबाटमुक्त गर्न पनि शिक्षाको ठूलो महत्व छ । यससम्बन्धमा यस्तै क्षणिक अभियानले मात्र त सम्भव छैन । यस्ता चेतनाका काम सरकारले मात्र गरेर पनि सम्भव छैन । सामाजिक चेतनामा नै जुनसुकै प्रकारको भए पनि जसलाई जहाँ भएको भए पनि लैङ्गिक हिंसाविरुद्धमा सचेत गराउनु सबैको कर्तव्य हुनजान्छ । तर यसका लागि समुचित र सकारात्मक नैतिक शिक्षाबिना यो सम्भव छैन । शिक्षालाई सामाजिक न्यायको एउटा महत्वपूर्ण पाटो मानेमा लैङ्गिक सन्तुलन कायम पनि हुन्छ र लैङ्गिक हिंसाबाट पनि समाज विस्तारै विस्तारै लैङ्गिक समानताको तहमा पुग्न सक्छ ।

**लैङ्गिकतामा हिंसा कसरी प्रवेश गर्दछ त ?**

यौनिकताका कारणले लैङ्गिकतामा असर पार्ने व्यक्तिको शारीरिक अवस्था, मानसिक अवस्था, सामाजिक—सांस्कृतिक मूल्य मान्यता, देशको कानुनी व्यवस्था, धर्म, परम्पराजस्ता कुराले समाजलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ र लैङ्गिकतामा असमानता देखिनेबित्तिकै त्यहाँ हिँसाले प्रवेश पाउँछ, भनौँ हिंसाले स्थान प्राप्त गर्दछ । प्रकृतिले दिएको विशेषता अनुसारको यौनिक अन्तरले लैङ्गिक अन्तरको काम गर्दछ । प्रकृतिले दिएको लैङ्गिक अन्तरले सन्तानोत्पत्तिका लागि प्रमुख भूमिका निर्वाह गरेको हुन्छ तर सामाजिक—सांस्कृतिक परम्परा र चलनले तयार गरेको लैङ्गिक असमानताले हिंसा जन्माउँछ । लैङ्गिकताको विभेदले गुम्सिएर गरिने स्वतस्फूर्त प्रतिरोध र प्रतिरोध नगरिकन रहँदा जन्मने दबाब दुवैले हिंसाको अवस्था सिर्जना गरेको पाइन्छ । लैङ्गिकताको विभेदमा अपूर्ण तथा अतृप्त यौनेच्छादेखि समाजको विद्यमान पितृसत्तात्मक बनावटले देखाएको असमानतासमेत प्रतिविम्बित हुन जान्छ । प्रकृतिले पुरुषलाई भन्दा महिलालाई बढी संवेदनशील आङ्गिकस्वरुप दिएको छ । सांसारिक प्रवृत्तिमा र नेपालको परिप्रेक्ष्यमा लैङ्गिक असमानताको कुरा गर्दा पुरुष, महिला र तेस्रो लिङ्गीका बीचमा देखिने गरी गरिएको सामाजिक तथा सांस्कृतिक एवं कानुनी विभेद नै सम्झनु पर्दछ ।

अपाङ्गताको अवस्था झन् विकराल छ, जसमा लैङ्गिक विभेदले जरो नै गाडेको छ । तर आमा जातिमा रहेको त्यस्तो अपरिवर्तनीय यौनिकताका कारणले नै सामाजिकरूपमा विभेद सुरु भएको पाइन्छ । यो विभेद वैदिककालदेखि आजसम्म विभिन्न स्वरुप र प्रकारमा विद्यमान छ, जसको सकारात्मक रूपमा नै अन्त्यको आवश्यकता छ ।

**महिलाविरुद्ध हिंसाका विभिन्न स्वरुप**

महिला विरुद्धको हिंसा भन्नाले महिला भएकै कारणले व्यक्तिगत जीवनमा र सार्वजनिक जीवनमा लिङ्गका कारणले हुने हिंसाजन्य कार्य हो । यसले महिलालाई शारीरिक पीडा पु¥याउँछ, मानसिकरूपमा समेत आघात पारेको हुन्छ । महिला हिंसा भनेको धम्की, दबाब र जबरर्जस्ती करणीजस्ता कुराले महिलाको स्वतन्त्रतामा पार्ने बन्देजसमेत पर्दछ । महिलामाथि हिंसा हुने कुरा कुनै एक संस्कृतिमा मात्र सीमित हुँदैन । उमेर र वर्गमा मात्र पनि सीमित हुन सकेको पाइँदैन । समाजमा लैङ्गिक हिंसाको कुरा गर्दा बढीभन्दा बढी महिलाले विभिन्न कालखण्डमा विभिन्न स्वरुपका हिंसाको कटु अनुभव गरेको पाइएको छ । महिलाविरुद्ध हिंसालाई कतिपय परिस्थितिमा घरेलु हिंसासँग पनि जोडिएको छ । पितृसत्तात्मक हाम्रो समाज र सामाजिक संरचना नै असन्तुलित छ । पुरुषको सामाजिक भूमिका गहकिलो बनाइएको छ र महिलाको सामाजिक तथा सांस्कृतिक भूमिका सहायकस्तरको बनाइएको छ ।

नेपाली समाजमा महिलाविरुद्धको हिंसा, पुरुषले महिलामाथि आफ्नो श्रेष्ठतासिद्ध गर्ने माध्यमको रूपमा प्रयोग गरिरहेका छन् । संयुक्त राष्ट्रसङ्घीय साधारणसभाले १९९३ डिसेम्बर २० मा पा ित गरेको महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्रमा भनिएको छ, महिलाविरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, मानसिक पीडा वा मानसिक क्षति वा मनमा चोट या अदृश्य पीडा पु¥याउँछ वा पु¥याउने सम्भावना हुन्छ । यसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की,दबाब र स्वेच्छाचारीरूपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ । वास्तवमा महिलाविरुद्धको हिंसा भनेको लैङ्गिक विभेद नै हो, जसले महिलाको अधिकार प्रयोग गर्ने स्वतन्त्रतामा बाधा पु¥याउने गर्दछ ।

**महिलामाथिको हिंसा नै घरेलु हिंसा हो त ?**

महिलामाथिको हिंसा नै त घरेलु हिंसा होइन तर प्रकारान्तरमा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै अथ्र्याइएको छ । घरेलु हिंसा संसारमा सबै खालका सभ्यता र समाजमा लुकेर बसेको हुन्छ । शारीरिक क्षमता र समाजको संरचनालाई दृष्टिगत गर्दा घरेलु हिंसा भनेको महिलामाथिको हिंसा नै बुझिन्छ । पुरुषमाथि पनि घरेलु हिंसा भएको पाइन्छ, पुरुष भएकै कारणले हिंसा गरिएको छ भने त्यो पनि लैङ्गिक हिंसा नै हो तर पीडितका हिसाबले महिला नै अत्यधिक पीडामा बाँच्न बाध्य भएको पाइन्छ ।

संयुक्त राष्ट्रसङ्घको महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको सिफारिस नम्बर १९ ले घरेलु हिंसा भनेको महिलाविरुद्ध हिंसाको एउटा सबैभन्दा पुरानो रुप मानेको छ र सबै किसिमको समाजमा यो विद्यमान रहेको स्वीकार गरेको छ । घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको र सार्वजनिक तथा पारिवारिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको कुरा उपयुक्त सिफारिसमा प्रष्ट पारिएको छ । घरेलु हिँसा (कसुर र सजाय) ऐनमा घरभित्रको नाता सम्बन्धका व्यक्तिबीच हुने शारीरिक, मानसिक, यौनजन्य, भावनात्मक र सम्पत्तिसम्बन्धी कुनै पनि प्रकारका हिंसालाई घरेलु हिंसाको रूपमा परिभाषित गरी यस्तो कार्यलाई दण्डनीय आपाराधिक कार्य मानिने कुरा स्पष्ट पारिएको छ । त्यसैले महिलामाथिको हिंसालाई नै घरेलु हिंसाको रूपमा स्वीकार गरिएको पाइन्छ । यसो हुनुमा लैङ्गिक विभेदका कारणले हो । यसका लागि लैङ्गिक सन्तुलन आवश्यक छ । सामाजिक न्यायका दृष्टिले लैङ्गिक असन्तुलनका विभिन्न कारण हुन सक्छन् । तर हाम्रोजस्तो समाजमा विद्यमान सामाजिक तथा सांस्कृतिक विभेद नै मुख्य कारण हुनसक्छन् । हाम्रा कानुन तथा कानुनी प्रयोग समाजको आवश्यकता र अलिखित नियमका आधारमा नै अभ्यासमा आएका हुन्छन् ।

**नेपालमा लैङ्गिक हिंसाको अवस्था**

लैङ्गिक हिंसाले पुरुष र महिला दुवैलाई हुने हिंसा भन्ने जनाए तापनि नेपालको परिप्रेक्ष्यमा लैङ्गिक हिंसा भन्नाले महिलामाथि र बालिकामाथि हुने हिंसालाई नै जनाउँछ । महिलामाथि हुने लैङ्गिक हिंसाकास्वरुप हुन्—हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित अत्याचार, बलात्कार, वैवाहिक बलात्कार, जबर्जस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई क्षति पु¥याउने परम्परागत चलन, पति वा पतिका नातेदारबाट हुने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, सार्वजनिक स्थान या कार्यालय वा अन्य कार्यक्षेत्रमा काम गर्ने सिलसिलामा हुने यौनजन्य व्यवहार तथा दुव्र्यवहार, बालिका तथा महिला बेचबिखन तथा बाध्यताका साथ गराइने देहव्यापार आदि ।

गर्भमा भ्रूण केटा भए बचाउने तर केटी भ्रूण भए गर्भपतन गराउने प्रचलन नेपालमा पनि देखिन थालेको छ । यस्तो चलन बढ्न पो थालेको छ । गर्भको बच्चा पत्ता लगाउने बारेमा अत्याधुनिक प्रविधिको विकास भएकोमा खुसी व्यक्त गर्दागर्दै पनि अवैधानिकरूपमा, आमाको इच्छाबिना गर्भपतन हुन थालेको र भ्रूण हत्या जस्तो जघन्य अपराध हुन थालेको पाइन्छ । यसो हुनुमा वैज्ञानिक प्रविधिको दुरुपयोग गर्दा पनि घरेलु हिंसा हुन्छ र यसमा पनि महिला नै पीडित हुनुपरेको छ । महिलाको पीडा गर्भबाटै यसरी सुरु हुनेगर्दछ । नजन्मदैदेखि लैङ्गिक विभेदको शिकार हुनुपर्दछ । यसैगरी शिक्षा, स्वास्थ्य, खाना र आवासको सुविधादेखि सामाजिक क्रियाकलापमा समेत महिलालाई विभेद गरिएको पाइन्छ । बालिकाको श्रम शोषण, बलात्कार, यौन शोषण अहिले प्रचलित घरेलु हिंसा बनेका छन् । युवतीलाई चरम यौन शोषण, बलात्कार, वैवाहिक बलात्कार, श्रम शोषण, आफ्ना नजिकका नातेदारबाटै बेचबिखन हुनुपर्ने हालका देखिएका घरेलु हिंसा र लैङ्गिक हिंसाकास्वरुप हुन् । वृद्धावस्थामा नगरेको काममा पनि गाली, बेइज्जती, बोक्सीको आरोपमा मलमूत्र ख्वाउने प्रवृत्ति, कुटपिट, मानसिक यातना, घरबाट छोराबुहारी वा छोरी ज्वाइँले निकाल्ने र बेघरबार बनाउने चलन र यौन दुव्र्यवहारसमेत भएका घटना सुन्न र देख्न पाइन्छ ।

केटीको विवाहको उमेर कम्तीमा पनि २० वर्ष हुनैपर्ने भनिए तापनि कतिपय व्यवहारमा त्योभन्दा कम उमेरमा अनमेल विवाह गर्ने र बालविवाहलाई अझै परम्पराबाट हटाउन नसकिएको यथार्थ हाम्रा सामु विद्यमान छ । सार्वजनिक स्थानमा हुने लैङ्गिक हिंसामा बलात्कार, यौन शोषण तथा कार्यक्षेत्रमा गरिने यौनजन्य दुव्र्यवहार, महिला तथा बालिकाको बेचबिखन, परम्परागत विभेदपूर्ण प्रचलन जस्तै दाइजोका लागि रकम दिने तथा लिने, देउकी प्रथा, झुमा प्रथा, छाउपडी प्रथालाई लिन सकिन्छ । जनसाङ्ख्यिक सर्वेक्षण अनुसार २३ प्रतिशत महिला र २० प्रतिशत पुरुषले हाम्रो परिवार तथा समाजमा लैङ्गिक हिंसा छ र त्यसबाट घरेलु हिँसालाई प्रश्रय दिइएको छ भनी स्वीकार गरेका तथ्याङ्क हाम्रो सामु छ । यसबाट मुक्ति पाउन नै सन् २०१० लाई नेपालले लैङ्गिक हिंसाविरुद्धको वर्ष भनी मनाएको पनि थियो ।

नेपालमा लैङ्गिक हिंसाले परम्पराको रूपमा घरेलु हिंसाको रुप लिएको छ । यसलाई हामीले नहिच्किचाई स्वीकार गर्नसक्नु पर्दछ । तर यसलाई कमी गर्दै लैङ्गिक सन्तुलन र सामाजिक न्यायका दृष्टिले लैङ्गिक समानताको रूपमा हाम्रा समाजलाई डो¥याउनु पर्दछ । डो¥याउनु जरुरी पनि छ । यसका लागि महिलाको भूमिकाले पुग्दैन । समाजका सबै तह र वर्गको समानुपातिक तवरले सहयोग र सहकार्य जरुरी छ ।

**घरेलु हिंसा वा महिला हिंसाबाट कसरी मुक्त हुने त ?**

घरेलु हिंसा तथा त्यसैको पर्यायवाचीको रूपमा रहेको महिला हिंसाबाट बच्नका लागि सबैभन्दा पहिले त चेतना जरुरी छ । चेतना शिक्षाको रूपमा, चेतना सामाजिक न्यायको स्वरुपको पहिचानका रूपमा, चेतना कानुनी प्रावधानका स्पष्ट दण्डका रूपमा र अमानवीय, जघन्य अपराधका रूपमा घरेलु हिंसालाई पहिचान गरी समाजको रुपान्तरण जरुरी छ । त्यसका लागि बालिकालाई शिक्षा, महिलालाई शिक्षा र वृद्धालाई शिक्षा र सबैका लागि समानतामुखी शिक्षा नै आजको आवश्यकता हो ।

वास्तवमा यो एउटा यक्ष प्रश्न बनेको छ कि शिक्षा प्राप्त नभइ सामाजिक चेतना प्राप्त हुँदैन र सामाजिक न्यायको प्रत्याभूति भनेको नै शिक्षाले मात्र दिन सक्दछ । कुन पहिले त ? सामाजिक न्याय प्राप्तिका लागि आवश्यकपर्ने चेतनाका लागि शिक्षा नै अपरिहार्य तत्व हो, त्यसैले पनि शिक्षालाई आधारभूत आवश्यकता र मौलिक हकको रूपमा लिइएको छ विश्वव्यापीरूपमा । अवसरको लागि पनि शिक्षा आवश्यक छ । सामाजिक न्यायको सिद्धान्तले पनि के भन्दछ भने वञ्चित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले सुसज्जित पार्न पनि उनीहरूलाई सशक्तिकरण गर्नुअनिवार्य छ ।

मानवीय सशक्तीकरणका लागि शिक्षा नै पूर्वशर्त पनि हो र परिणाम पनि हो । त्यसैले सामाजिक न्याय प्राप्तिका लागि पहिलो पूर्वाधार नै शिक्षा उपलब्ध गराउनु हो । एउटा सर्वमान्य धारणा के छ भने शिक्षा प्राप्ति पछि सामाजिक न्याय प्राप्त गर्न सवै मान्छे स्वतः सक्षम हुन्छन् । सामाजिक न्यायको वितरणको लेखाजोखा गर्न पनि शिक्षाको नै जरुरत पर्दछ । तर अर्को समस्या के देखापर्दछ भने शिक्षा प्राप्ति नै यत्ति दुरुह भएको छ कि यो नै सर्वप्रथम सामाजिक न्यायको पहिलो शर्तको रूपमा उपलब्ध गराउनु पर्दछ । आज शिक्षालाई मौलिक हकको पनि प्राथमिक स्वरूपमा लिइएको छ ।

शिक्षा पाउनु पनि सामाजिक न्यायको आधारभूमि हो र सामाजिक न्याय पाएको भनेको नै शिक्षा पाउनु हो । यसलाई केस्रा केस्रा गर्न पनि सकिँदैन तर शिक्षा प्राप्त गर्नु नै सामाजिक न्यायको पहिलो खुड्किलो चढ्नु हो भनेर चाहीँ मान्नुपर्दछ । त्यसैले घरेलु हिंसाबाट बच्न पनि, महिलामाथि हुने  हिंसाबाट बच्न पनि , बालिका तथा युवतीहरू बेचबिखनबाट बचाउन र बाध्यात्मक देहव्यापारबाट मुक्त गराउन पनि शिक्षाको नै आवश्यकता छ ।

निष्कर्ष

घरेलु हिंसा वा लैङ्गिक हिंसा महिला हिंसा भनेको एउटै जस्तो मानिन्छ हाम्रो जस्तो विकासोन्मुख मुलुकमा । पितृसत्तात्मक सामाजिक तथा सांस्कृतिक परम्परा भएका मुलुकहरूमा, समाजमा यस्तो प्रकारको हिंसालाई क्रमशः कमी गर्दै लैजान कडाभन्दा कडा कानुनी जरुरी भए पनि सोको प्रावधानभन्दा पनि शिक्षाको समुचित प्रवन्ध नै अत्यावश्यक हुन्छ । त्यसैले लैङ्गिकसमानता र सचेतनाका लागि सामाजिक न्यायउन्मुख शिक्षाको सुप्रबन्ध जरुरी छ । सामाजिक न्यायोन्मुख समाजले मात्र यस्ता हिंसाबाट समाजलाई मुक्त गर्न सक्छ र लैङ्गिक सन्तुलन कायम गरी सबै खालका लिङ्गीय विभेदलाई अन्त गर्न सक्षम हुनसक्ने वातावरण बन्न सक्छ । रासस

# मिथिलामा विवाहपञ्चमी महोत्सवको रौनक



शीतलप्रसाद महतो

त्रेतायुगमा मर्यादा पुरुषोत्तम् राम र आदर्श नारी सीताबीच भएको वैवाहिक महोत्सवको स्मरण गर्दै प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी पर्व मनाउने गरिन्छ । यसवर्ष मङ्सिर १६ गतेदेखि सुरु भएको विवाहपञ्चमी मङ्सिर २२ गतेसम्म सञ्चालन हुनेछ । त्रेता युगको झल्को दिने विवाहपञ्चमी महोत्सवको रौनक यतिखेर नेपाल र भारतका सम्पूर्ण मिथिला क्षेत्रमा देखिएको छ । विवाहपञ्चमी महोत्सवमा सहभागी हुन नेपाल तथा छिमेक मुलुक भारतका विभिन्न स्थानबाट हजारौँ साधुसन्त तथा दर्शनार्थी जनकपुरधाम आउने क्रम जारी छ । आएका दर्शनार्थी बाह्रबिघा मैदान, जानकी मन्दिरको प्राङ्गण, सडकपेटी, विभिन्न मठमन्दिर, कुटी तथा संघसंस्थामा बास बसेका छन् ।

त्रेतायुगमा अयोध्याका राजा दशरथपुत्र भगवान श्री राम र जनकपुरका राजा जनकपुत्री माता सीताको विवाह यही जनकपुरमा भएको दिनलाई सम्झँदै प्रत्येक वर्ष अयोध्याबाट जनकपुर जन्ती आउने र विवाह महोत्सव सम्पन्न गर्ने चलन रहँदै आएको छ । यस अवसरमा प्रत्येक वर्ष झैँ यस वर्ष पनि अयोध्यासहित भारतका प्रसिद्ध तथा प्रख्यात् मठमन्दिरका महन्त, जोगी सन्यासी, हजारौँ साधु, सन्त, महात्मा सो विवाह महोत्सवमा उपस्थित हुनका लागि जनकपुरधाममा आइसक्नुभएको छ भने कतिपय आउने क्रम जारी छ । सयौँ रथ, बाजागाजा, नाचसहित जन्ती आउने चलन छ ।  सोहीअनुरूप विगत केही दिनदेखि अयोध्याबाट हजारौँ जन्ती तथा दर्शनार्थी जनकपुर आउने क्रम जारी छ । प्रत्येक वर्ष महोत्तरीको मटिहानी हुँदै जन्ती, लावालस्करसहित जनकपुर आउने गर्छन् भने मटिहानीस्थित लक्ष्मीनारायण मठमा पनि विशेष पूजाअर्जना गर्ने चलन छ ।

**विवाह पञ्चमी महोत्सव भव्य र सभ्यरूपमा मनाउने**

मार्गशीर्ष शुक्ल पञ्चमीमा जनकपुरधाममा मनाइने विवाहपञ्चमी महामहोत्सवलाई यो वर्ष प्रदेश सरकारले भव्य रूपमा मनाउने भएको छ । मङ्सिर १७ गते भारतको अयोध्याबाट आउने जन्तीलाई भव्य स्वागत गरिनेछ । जन्तीलाई महोत्तरीको मटिहानी आइपुगेपछि मटिहानी नगरपालिकाले स्वागत गर्नेछ । स्वागत तथा रात्रिको भोजन र आवासको व्यवस्थापन पनि मटिहानी नगरपालिकाले गर्ने तयारी गरेको छ । मङ्सिर १८ गते मटिहानीबाट हिँड्ने जन्तीलाई महोत्तरीकै जलेश्वर नगरपालिकाले स्वागत गरेर चिया तथा खाजाको प्रबन्ध गर्नेछ भने सोही दिन पिपरामा जन्तीलाई भोजनको व्यवस्थापन गरिनेछ । सोही दिन साँझ जनकपुरधाम आइपुग्ने जन्ती बाह्रबिघा रङ्गभूमि मैदानमा आयोजना गरिने धनुष यज्ञमा सहभागी हुने कार्यक्रम छ । त्यसैगरी मङ्सिर २१ गते जानकी मन्दिरको प्राङ्गणमा रातमा मैथिली परम्परानुसार भगवान राम र माता सीताको प्रतीकात्मक विवाह उत्सवको कार्यक्रम हुन्छ ।

मङ्सिर १६ गते नगर दर्शनबाट सुरु हुने विवाहपञ्चमी महोत्सवअन्तर्गत १७ गते फूलबारी लीला, १८ गते धनुष यज्ञ, १९ गते तीलकोत्सव, २० गते मटकोर तथा २१ गते विवाह उत्सव र २२ गते रामकलेवाका कार्यक्रम रहेका छन् । जनकपुरधामस्थित जानकी मन्दिरलाई मिथिला दरबारका रूपमा लिइन्छ भने राम मन्दिरलाई अयोध्या दरबारका रूपमा लिइन्छ । हाल जानकी मन्दिर तथा राम मन्दिरलाई बेहुलीझैँ सिङ्गारिएको छ । जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले छोरीको बिहेको आयोजन गरिरहेको जस्तै अनुभव हुन्छ । उहाँले बिहेमा माता सीताको पिता राजा जनकको भूमिका निर्वाह गर्नुहुन्छ । रामजानकी विवाह महोत्सवका लागि महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठ अगाडि रहेको लक्ष्मी सागरबाट विवाहको वेदीको माटो खन्ने चलन रहेको छ । विवाहपञ्चमी महोत्सवका लागि अयोध्याबाट दुई दिन पहिलेदेखि नै साधु, सन्त, महात्मा र जन्ती नेपाल प्रवेश गर्न थालेका छन् । अयोध्याबाट आउने जन्ती पहिले महोत्तरीको मटिहानी प्रवेश गर्ने हुँदा मटिहानीवासीले जन्तीलाई फूलमाला, अबिरलगायतले स्वागत गर्ने चलन छ ।

महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाहपञ्चमी उत्सव भएपछि मात्रै स्थानीयले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउने गर्छन् । विवाहपञ्चमीका अवसरमा प्रत्येक वर्ष जनकपुरधाममा लाखौँ भक्तजनले उत्सवमा सहभागिता जनाउने गर्छन् । विवाहपञ्चमीमा मिथिलाको लोप हुन लागेको कला सं ंस्कृतिहरूको झझल्को दिने जस्ता सांस्कृतिक कार्यक्रमहरूमा हेर्न पाइन्छ । यसमा बालबालिकाहरूलाई, राम, सीता, लक्ष्मण बनाई नाटक प्रदर्शन, झाँकी, नाचागान, भजनकीर्तन र भगवानका रूपमा पूजाआजासमेत गरिन्छ । यसले श्रद्धालुलाई निकै उत्साहित बनाउने गर्छन् । बाहिरबाट आएका श्रद्धालु भक्तजनका लागि विभिन्न संघसंस्था तथा स्थानीय क्लबले निःशुल्क आवास, भोजन, उपचार र माइकिङको ठाउँठाउँमा आयोजन गरेको छ ।

**नगर दर्शन**

त्रेता युगमा अयोध्यानरेश दशरथपुत्र मर्यादा पुरुषोत्तम भगवान राम र मिथिलाका शिरध्वज राजर्षी जनकपुत्री माता जानकीको विवाह भएको स्मरणमा साताव्यापी रूपमा मनाइने विवाहपञ्चमीको पहिलो दिन मङ्सिर १६ गते नगर दर्शन विधि गरिन्छ । जसमा राम लक्ष्मणको प्रतीकस्वरूप बनाइएको राम लक्ष्मणलाई जनकपुरधाम नगरदर्शन गराइन्छ ।

**फूलबारी लीला**

विवाहपञ्चमी महोत्सवको दोस्रो आकर्षण भनेको फूलबारी लीला हो । दोस्रो दिन मङ्सिर १७ गते फूलबारी लीलामा राम जानकीको पहिलो भेट गराइन्छ । त्रेता युगमा भगवान रामको पहिलो भेट भारतको गिरिजा माई मन्दिरको फूलबारीमा भएको रामायणमा उल्लेख छ । यो विधि जानकी मन्दिरको छेउमै रहेको राम जानकी विवाह मण्डपमा रहेको फूलबारीमा प्रत्येक वर्ष गरिँदै आएको छ । त्रेता युगमा गुरु विश्वामित्रसहित धनुषयज्ञमा अयोध्याबाट मिथिलाको राजधानी जनकपुरधाममा भाग लिन आएका राम र लक्ष्मण फूलबारीमा घुम्न जाँदा राम र सीताको नजर एक अर्कामाथि परेको किम्बदन्ती छ । जहाँ राम र जानकी एक अर्काप्रति आकर्षित भएको र जानकीले आफूलाई राम जस्तै बर पाउन कामना गरेको भन्ने मान्यता रहेको छ ।

**धनुष यज्ञ**

तेस्रो दिन मङ्सिर १८ गते धनुष यज्ञ सम्पन्न हुन्छ । सीताले शिवजीको पिनाक (धनुष) लाई बायाँ हातले उठाएर लिपपोत गरेको देख्दा राजा जनक यो धनुषमा प्रत्यञ्चा चढाउन सक्ने वीर पुरुषसँगै आफ्नो छोरीको बिहे गरिदिने बचन दिएकाले धनुष यज्ञको आयोजन गरिएको मानिन्छ । त्रेता युगमा सो धनुष यज्ञको आयोजन रङ्गभूमि मैदान १२ विघामा भएको मानिन्छ । सोही स्मरणमा धनुष यज्ञ विधि सम्पन्न गरिन्छ ।

**तिलकोत्सव विधि**

महोत्सवको चौथो दिन मङ्सिर १९ गते राम मन्दिरको प्राङ्गणमा हजारौँको भीडका बीच तिलकोत्सव विधि सम्पन्न हुन्छ । तिलकोत्सवमा महन्थ राम तपेश्वर दास वैष्णवको नेतृत्वमा जानकी मन्दिरबाट पाहुना राम मन्दिरमा आउँछ । जहाँ जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव र राम मन्दिरका महन्थ राम गिरीबीच अङ्कमाल (समधी मिलान) हुन्छ । तिलकोत्सवमा सहभागी महिलाले रामजानकीको बिहेका गीत गाउँछन् भने हाँस्य परिहासको माहोलसमेत हुन्छ । समधी मिलान कार्यक्रममा जानकी मन्दिरका महन्थ, उत्तराधिकारी महन्थ, पुजारीहरू सहभागी हुने गर्छन् भने राम मन्दिरबाट महन्थ स्वयं, गुठी संस्थानका प्रतिनिधि तथा स्थानीय युवा क्लबका प्रतिनिधिहरू सहभागी हुन्छन् ।

मटकोर विधि

महोत्सवको पाँचौँ दिन मङ्सिर २० गते मटकोर विधि हुन्छ । मटकोर विधिमा माता जानकीको मटकोरका लागि मिथिलाका महिलाले जनकपुरधामकै पवित्र सरोवर रहेको गङ्गासागर पोखरीबाट साँझको समयमा मिथिलाको परम्पराअनुसार गीत गाउँदै माटो खनेर ल्याउने गर्छन । सोही माटोबाट विवाहका लागि वेदी तयार गरिन्छ ।

**स्वयम्बर विधि**

छैटौँ दिन मङ्सिर २१ गते ऐतिहासिक रङ्गभूमि मैदानमा स्वयम्बर विधि सम्पन्न भएको छ । सो दिन राति वैदिक परम्पराअनुसार वैवाहिक कार्यक्रम सम्पन्न हुनेछ । स्वयम्बरका लागि राम मन्दिर तथा जानकी मन्दिरको डोला रङ्गभूमि मैदान (१२ बिघा) पुग्छन् । डोलाको दर्शन र रामजानकीको स्वयंबर हेर्न बाह्रबिघा मैदानमा हजारौँको सङ्ख्यामा दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । स्वयंबर पश्चात राम र जानकीको डोलालाई नगर परिक्रमा गर्दै जानकी मन्दिरमा पुगेर साँझदेखि विवाहको काम शुरु हुन्छ । राम र सीताको विवाहको लागि जानकी मन्दिर प्राङ्गणमा विवाह मण्डप अर्थात मरबा बनाइएको हुन्छ । राम र जानकीको विवाहको लागि जानकी मन्दिरलाई भव्य रूपमा सिङ्गारिएको छ । वैवाहिक कार्यक्रममा झाँकी कीर्तणसहितको सांस्कृतिक कार्यक्रमहरू आयोजन हुने गर्दछ । जसको अवलोकनको लागि हजारौं दर्शनार्थीको जानकी मन्दिरमा भीड लाग्ने गर्दछ । वैवाहिक कार्यक्रममा भगवान रामका बुबा राजा दशरथको भूमिकामा राम मन्दिरका महन्थ राम गिरी र सीताको पिता राजा जनकको भूमिकामा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास बैष्णवले भूमिका निर्वाह गर्दछन् ।

**रामकलेवा**

विवाहपञ्चमीको सातौँ दिन मङ्सिर २२ गते भारतको अयोध्याबाट जन्तीका रूपमा आएका साधु सन्तहरूलाई भोजन गराउँदै विदायी गरिन्छ । जसलाई रामकलेवा भनिन्छ । राम कलेवामा बेहुला पक्षबाट आएकाहरूलाई गालीगलौज गर्नेसमेत परम्परा छ । मन्दिरका पुजारी तथा मिथिलाका नारीहरू गीतकै माध्यमले गाली गर्ने गर्छन् ।

विवाह मोहत्सव हेर्न आउने श्रद्धालुका लागि विभिन्न खाले मनोरञ्जनको समेत व्यवस्था गरिएको हुन्छ । महोत्सवलाई व्यवस्थित र भरपर्दो सुरक्षित बनाउन स्थानीय सुरक्षा समितिले विशेष रणनीतिसमेत बनाएको हुन्छ । रासस

# ‘स्थानीय सरकारसँग समन्वय गरेर अगाडि बढ्छौँ’

**मकवानपुर ।**
बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा (तामाङ) ले योजनाहरू कार्यान्वयनका लागि स्थानीय सरकारसँग समन्वय र सहकार्य गरेर अघि बढ्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् । हेटौँडा उपमहानगरपलिका–१२ को चुनावी विजयीसभालाई सोमबार सम्बोधन गर्दै मुख्यमन्त्री लामाले प्रदेश सरकार जहिले पनि स्थानीय तहसँग समन्वय र सहकार्य गरेर अघि बढ्न तयार रहेको बताए ।

वडा र पालिकाका योजनाको कार्यान्वयन गर्न आपसी छलफलका माध्यमबाट अघि बढ्ने बताउँदै उनले संविधानमा भएको प्रदेश सरकार र स्थानीय तहको साझा अधिकारलाई कार्यान्यवन गर्न प्रदेश सरकार प्रयत्नशील रहेको उल्लेख गरे ।

योजना कार्यान्वयका लागि स्थानीय सरकारलाई आवश्यक ऐन,कानुन स्थानीय तहसँग समन्वय गरेर प्रदेश सरकारले निर्माण गरिरहेको बताउनुहुँदै मुख्यमन्त्री लामाले प्रदेश सरकारलाई चाहिने आवश्यक थुप्रै ऐन, कानुन बनेर कार्यान्वयनको प्रक्रिया गइसकेकोले अब स्थानीय तहलाई आवश्यक ऐन, कानुन बनाउन प्रदेश सरकार जोड दिएको बताए ।

विजयीसभामा हेटौँडा उपमहानगरपालिका–१२ को वडा अध्यक्षमा नवनिर्वाचित अर्जुनप्रसाद तिवारीले उपनिर्वाचनका क्रममा जनतासँग आफूले गरेको बाचा पूरा गर्न प्रतिबद्ध रहेको बताउँदै आफ्नो अमूल्य मत दिएर विजय गराउने मतदाताप्रति आभारसमेत व्यक्त गरे ।

# राष्ट्रियसभा उपाध्यक्ष र मलेसियाका सिनेट उपाध्यक्षबीच भेटवार्ता

**काठमाडौँ ।**
राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरे र मलेसियाको उपल्लो सदन सिनेटका उपाध्यक्ष दतुक नुर याजलान बिन तान सेरी मोहम्मदबीच सोमबार क्वालालम्पुरमा शिष्टाचार भेट भएको छ ।

उपाध्यक्ष घिमिरे र मलेसियाको उपल्लो सदन सिनेटका उपाध्यक्ष मोहम्मदबीच क्वालालम्पुरस्थित संसद् भवनमा भेटवार्ता भएको हो । शिष्टाचार भेटका क्रममा उपाध्यक्ष घिमिरेले दुई देशबीच आगामी दिनमा संसदीय सहकार्य र अनुभव आदानप्रदान बढ्दै जाने विश्वास व्यक्त गरे । उनले मलेसियामा रहेका नेपाली आप्रवासी कामदारको समस्या समाधान गर्न मलेसियाली अधिकारीले प्रदान गरेको सहयोगका लागि आभार प्रकट गर्दै आगामी दिनमा पनि मलेसियाली अधिकारीले नेपाली कामदारको सुरक्षा र हितका लागि आफ्नो बहुमूल्य सहयोग जारी राख्नेछन भन्ने विश्वास ब्यक्त गरे ।

‘नेपाली कामदारले दुवै देशको आर्थिक वृद्धि र विकासमा योगदान पुऱ्याइरहेका छन्’, उनले भने,‘दुई सरकारबीच कामदार भर्ना, रोजगारी र स्वदेश फिर्तासम्बन्धी समझदारी पत्र नवीकरणका लागि परिमार्जित मस्यौदा मलेसियालाई जानकारी गराइएको छ । नवीकरणको प्रक्रिया छिट्टै सम्पन्न हुनेमा हामी आशावादी छौँ ।’

मलेसियामा गौतमबुद्धका अनुयायी ठूलो संख्यामा रहेको उल्लेख गर्दै उपाध्यक्ष घिमिरेले लुम्बिनी तिलौराकोटजस्ता बौद्ध धर्मसँग सम्बन्धित धार्मिक स्थलमा मलेसियाबाट ठूलो सङ्ख्यामा पर्यटक लैजाने सम्भावना भएको बताए । उनले क्वालालम्पुर–भैरहवा सिधा हवाई उडान हुन सकेमा मलेसियाका मात्रै नभई छिमेकी बर्मा, कम्बोडिया, थाइल्याण्ड, लाओसका बौद्धमार्गीसमेत लाभान्वित हुन सक्ने भएकाले सिधा हवाई उडानका लागि पहल गर्न आग्रह पनि गरे ।

शिष्टाचार भेटका क्रममा मलेसियाको उपल्लो सदन सिनेटका उपाध्यक्ष मोहम्मदले नेपाली कामदारले मलेसियाको आर्थिक विकासमा पु¥याएको योगदानको प्रशंसा गर्दै कामदारको सुरक्षा र हितका लागि मलेसिया सरकारले सधै सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले दुवै देशका संसद्को सहकार्य बढाउनका लागि संसदीय मैत्री समूह गठन गरेर अगाडि बढ्न सकिने धारणा राखेका थिए ।

उपाध्यक्ष घिमिरे मलेसिया सरकारको निमन्त्रणामा वित्तीय तथा प्रशासनिक विनियोजनसम्बन्धी संसदीय अभ्यासको सात दिने अध्ययन तथा अवालेकन भ्रमणका लागि १३ संसदीय प्रतिनिधिमण्डलको नेतृत्व गरेर मलेसिया गएका हुन् ।

भ्रमणका क्रममा प्रतिनिधिमण्डलले सोमबार मलेसियाको संसद्को स्थलगत अवलोकन गरेको छ भने आइतबार क्वालालम्पुरस्थित नेपाली दूतावासमा नेपाली श्रमिकका समस्याका बारेमा छलफल तथा जानकारी लिएको थियो । मलेसियामा हाल पाँच लाखभन्दा बढी नेपाली कामदार रहेका छन् ।रासस

# कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी सिंहलाई

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीको अनुपस्थितिमा उनले गर्ने दैनिक प्रशासनिक कामकाज उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले सम्हाल्नेगरी तोकेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका लागि सोमबार चीनतर्फ प्रस्थान गरेकाले उनको अनुपस्थितिमा प्रधानमन्त्रीको कार्यभार उपप्रधानमन्त्री सिंहलाई दिइएको हो ।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री ओलीको अनुपस्थितिमा उनले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम प्रधानमन्त्रीको सिफारिसमा उपप्रधानमन्त्री सिंहले सम्हाल्ने गरी तोकेको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । रासस

# पोखरेललाई कार्यवाहक अध्यक्षको जिम्मेवारी



**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको कार्यवाहक अध्यक्षको जिम्मेवारी वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई तोकेका छन् ।

अध्यक्ष ओली चिनियाँ समकक्षी ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा औपचारिक भ्रमणका क्रममा सोमबार त्यसतर्फ प्रस्थान गरेपछि पार्टी कार्यवाहक अध्यक्षको जिम्मेवारी वरिष्ठ उपाध्यक्ष पोखरेललाई जिम्मेवारी प्रदान गरेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए ।

एमालेको विधान २०४९ (संशोधन २०७८) को धारा २१ को उपधारा (२) बमोजिम वरिष्ठ उपाध्यक्ष पोखरेललाई कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गरिएको हो । प्रधानमन्त्री ओली चीनको भ्रमण पूरा गरी यही मङ्सिर २० गते स्वदेश फर्कने कार्यतालिका छ ।रासस

# चितवनमा कांग्रेस र एमालेबीच दलीय संयन्त्र

**चितवन ।**
जिल्लामा नेपाली कांग्रेस र एमालेबीच दुई दलीय संयन्त्र गठन भएको छ । नेपाली कांग्रेसका जिल्ला सभापति राजेश्वर खनालका अनुसार संयन्त्र गठन गरिएको हो । नेपाली कांग्रेसबाट तीन र नेकपा एमालेबाट तीन जना रहने गरी संयन्त्र गठन गरिएको छ ।

संयन्त्रमा कांग्रेसका तर्फबाट जिल्ला सभापति खनाल, सचिव ध्रुवराज पोख्रेल, वरिष्ठ जिल्ला सदस्य मिलनबाबु श्रेष्ठ रहेका छन् । जिल्ला उपसभापति राजीव न्यौपानेलाई आमन्त्रित सदस्यको रूपमा राखिएको छ । यस्तै, नेकपा एमालेका तर्फबाट जिल्ला अध्यक्ष कमल पाठक, सचिव प्रकाश ढुङ्गाना र जिल्ला इन्चार्ज देवी ज्ञवाली संयन्त्रमा रहेका छन् । एमालेको तर्फबाट आमन्त्रित सदस्यमा कृष्णभक्त पोखरेललाई राखिएको जिल्ला सभापति खनालले जानकारी दिए ।

उनले भने,‘सरकारलाई तल्लो तहसम्म विकासको मूल प्रवाहमा जोड्ने उद्देश्यले संयन्त्र निर्माण गरिएको हो ।’ यसले कांग्रेस र एमालेबीच हुने तल्लो तहको द्वन्द्वलाई न्यूनीकरण गर्ने उनले बताए ।

यसैबीच, संयन्त्रको बैठकले चितवन जिल्लाको सातवटै स्थानीय तहमा तीन÷तीनजनाको संयन्त्र निर्माण गरी वर्तमान सरकारको केन्द्रीय संरचना र भावना अनुरूप स्थानीय तहमा गतिविधि सञ्चालन गर्ने निर्णय गरेको छ । संयन्त्रको अध्यक्षता प्रत्येक बैठकमा आलोपालो हुने जनाइएको छ ।रासस

# गृहमन्त्रीले घटाए स्वागत–बिदाईमा पदाधिकारी सङ्ख्या

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकको पहलमा अति विशिष्ट व्यक्ति तथा विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि संशोधन भएपछि विमानस्थलमा उपस्थिति हुने पदाधिकारीको सङ्ख्या घटेको छ ।



मन्त्रिपरिषद्बाट पहिलो संशोधन भएको कार्यविधि प्रधानमन्त्री केपी शर्मा ओलीको मित्रराष्ट्र चीनको औपचारिक भ्रमणका क्रममा कार्यान्वयनमा आएको गृह मन्त्रालयले स्पष्ट गरेको छ ।

कार्यविधि संशोधनसँगै राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री विदेश भ्रमण जाँदा÷आउँदा बिदाइ र स्वागतमा अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा उपस्थित हुने पदाधिकारीको सङ्ख्या कटौती भएको गृह मन्त्रालयका सूचना अधिकारी दिलकुमार तामाङले जानकारी दिए ।

‘भिभिआइपी विदेश भ्रमणमा जाँदा विमानस्थलमा पदाधिकारी उपस्थित हुनुपर्ने व्यवस्थासम्बन्धी प्रस्ताव चार दिनअघि मात्र संशोधनसहित मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ,’ सूचना अधिकारी तामाङले भने, ‘भिभिआइपीको स्वागत र बिदाइ व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि संशोधन गरिएको हो, सम्माननीय प्रधानमन्त्रीज्यू मित्रराष्ट्र चीनतर्पm प्रस्थान गर्नुहुँदा उपस्थिति छरितो देखिएको छ ।’

कार्यविधि संशोधनपछि राष्ट्रपति विदेश भ्रमणमा जाँदा वा आउँदा उपराष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्रीसहित १४ जना पदाधीकारी विमानस्थलमा उपस्थित हुनुपर्ने व्यवस्था गरिएको छ । यसअघि राष्ट्रपति विदेश भ्रमणमा जाँदा वा फर्किंदा उपराष्ट्रपतिसहित २३ जना पदाधिकारी विमानस्थलमा उपस्थित हुनुपर्ने व्यवस्था थियो । ‘अति विशिष्ट व्यक्ति तथा विशिष्ट व्यक्ति विदेश भ्रमण जाँदा र फर्किंदा गरिने स्वागत र बिदाइलाई प्रभावकारी बनाउन कार्यविधि संशोधन गरिएको छ ।’ उनले भने,‘सुरक्षा व्यवस्थापन कार्यविधि–२०८०, पहिलो संशोधन भई आजदेखि कार्यान्वयनमा आएको छ ।’

त्यसैगरी, राष्ट्रपति विदेश भ्रमणमा जाँदा र फर्किंदा अन्तर्राष्ट्रिय विमानस्थलमा अति विशिष्ट कक्षदेखि जहाज चढ्न जाने मिनी कारकेडसम्म जाने पदाधिकारीको सङ्ख्या पनि घटाइएको छ । मिनी कारकेडसम्म यसअघि उपराष्ट्रपतिसहित १३ जना पदाधिकारी उपस्थित हुने व्यवस्थालाई कटौती गरेर नौजना पदाधिकारीमा सीमित गरिएको छ ।

नयाँ कार्यविधिअनुसार अब उपराष्ट्रपति विदेश भ्रमणमा जाँदा र फर्किंदा प्रधानमन्त्रीसहित १२ जना पदाधिकारी उपस्थित हुनुपर्ने व्यवस्था संशोधन भई प्रधानमन्त्रीसहित सातजना उपस्थित हुनुपर्ने व्यवस्था कायम भएको छ । त्यस्तै, विदेश भ्रमणमा जाँदा र फर्किंदा अन्तर्राष्ट्रिय विमानस्थलमा अति विशिष्ट कक्षदेखि जहाज चढ्न जाने मिनी कारकेडसम्म जाने पदाधिकारी सातबाट घटाएर चार पु¥याइएको छ । अब प्रधानमन्त्री, परराष्ट्रमन्त्री, उपराष्ट्रपति कार्यालयका सचिव र परराष्ट्र मन्त्रालयका शिष्टाचार महापाल मात्र उपराष्ट्रपतिको औपचारिक भ्रमणका क्रममा विमानस्थलमा उपस्थित हुनुपर्नेछ ।

त्यसैगरी, संशोधित कार्यविधिअनुसार प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा र फर्किंदा विमानस्थलमा कार्यवाहक प्रधानमन्त्रीसहित १२ जना पदाधिकारी उपस्थित हुनुपर्नेछ । प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा र फर्किंदा यसअघि कार्यवाहक प्रधानमन्त्रीदेखि प्रमुख जिल्ला अधिकारीसम्म गरी २१ जना पदाधिकारी विमानस्थलको अति विशिष्ट कक्षमा उपस्थित हुनुपर्ने व्यवस्था थियो ।

त्यस्तै, प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा र फर्किंदा अन्तर्राष्ट्रिय विमानस्थलमा अति विशिष्ट कक्षदेखि जहाज चढ्न जाने मिनी कारकेडसम्म कार्यवाहक प्रधानमन्त्रीसहित छजना पदाधिकारी उपस्थित हुनुपर्ने नयाँ व्यवस्था गरिएको छ । यसअघि उक्त स्थानसम्म कार्यवाहक प्रधानमन्त्रीसहित ११ जना उपस्थित हुने व्यवस्था थियो ।

संशोधित नयाँ कार्यविधिअनुसार प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्ष विमानस्थल जानुपर्ने छैन । राष्ट्रपति र प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा र फर्किंदा सभामुख र राष्ट्रियसभा अध्यक्ष विमानस्थल पुग्नुपर्ने व्यवस्था संशोधनपछि हटेको छ । रासस

# प्रविधिको प्रयोगले कृषिमा सुधार हुनेछः मन्त्री अधिकारी

**काठमाडौँ ।**
कृषि तथा पशपन्छी विकासमन्त्री रामनाथ अधिकारीले विश्व प्रविधिको युगमा प्रवेश गरेसँगै बीउबिजनको क्षेत्रलाई पनि प्रविधिमा आधारित बनाउँदै लैजानुपर्नेमा जोड दिएका छन् ।

बीउसम्बन्धी निर्माण गरिएको सफ्टवयेर ‘देसिस–२’ को सोमबार काठमाडौँमा शुभारम्भ गर्दै मन्त्री अधिकारीले कृषिलाई सूचना प्रविधिसँग जोड्न जरुरी रहेको बताए । यसो भयो भने मात्र कृषि क्षेत्रमा महत्वपूर्ण उपलब्धि हुने उनले बताए ।

बीउबिजनको वितरणलाई डिजिटलाइजेसन प्रणालीमा लैजाने कार्यले समग्र कृषि क्षेत्रमा सुधार देखिने उनको भनाइ थियो ।

‘सरकारले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिरहँदा यसको तुलनात्मक लाभ कृषि क्षेत्रले समेत लिनुपर्छ’, मन्त्री अधिकारीले भने । कृषि, पर्यटन, ऊर्जा र बृहत्तर पूर्वाधार निर्माण नेपालको विकासका लागि अपरिहार्य रहेको उल्लेख गर्दै उनले कृषिलाई प्रविधिमा आधारित बनाइरहँदा डिजिटल साक्षरता पनि आवश्यक रहेको बताए ।

मन्त्री अधिकारीले सफ्टवेयरमार्फत गुणस्तरीय बीउबिजनमा किसानको सहज पहुँच हुने विश्वास व्यक्त गरे । विभिन्न दातृसंस्थाको सहयोगमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रमार्फत यो सफ्टवयेर निर्माण गरिएको हो । यसमार्फत तीनै तहका सरकारबीच बीउबिजन वितरणलाई डिजिटलाइजेसन गरी गुणस्तरीय बीउमा किसानको पहुँच कायम हुने केन्द्रका प्रमूख बेनुप्रसाद प्रसाईंले बताए ।रासस

# एमालेले सात जिल्लाको अधिवशेन गर्न बाँकी




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सात जिल्लामा अधिवेशन गर्न बाँकी रहेको छ । एमाले निर्वाचन आयोगका अध्यक्ष डा.विजय सुब्बाले बाँकी रहेका जिल्लाको अधिवशेन यही महिनाभित्र सम्पन्न गर्ने बताए ।

मोरङ, सिरहा, सप्तरी, धनुषा, अछाम, बझाङ र डोटी जिल्लाको अधिवेशन गर्न बाँकी छ । गत जेठ मसान्तमा जिल्ला अधिवेशन गर्नुपर्ने भए पनि सदस्यता वितरण र आन्तरिक विवादका कारण ती जिल्लाको अधिवेशन निर्धारित समयमा हुन नसकेको अध्यक्ष डा.सुब्बाले बताए । उनले बझाङ जिल्लाको अधिवेशनको समय यही महिनाको अन्तिममा तोकिएको र बाँकी जिल्लाको अधिवेशन पनि चाँडै तोकिने बताए ।

पार्टीले अधिवेशन हुन बाँकी रहेका सबै जिल्ला कमिटीलाई यही मङ्सिर महिनाभित्र अधिवेशन गर्न निर्देशन दिएको अध्यक्ष डा.सुब्बाले बताए ।‘मङ्सिर महिनामा अधिवेशन सक्नुपर्ने हो । जिल्ला कमिटीले मिति तोकेर आउनुपर्दछ’, उनले भने, ‘अनि हामीले निर्वाचन गराउने हो ।’ अहिलेसम्म ७० जिल्लाका जिल्ला अधिवेशन सम्पन्न भएका छन् ।रासस

# बन्द तीन उद्योग कारबाही प्रकृयामा




**मकवानपुर ।**
हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले लामो समयदेखि बन्द तीन उद्योगमाथि कारबाही प्रकृया अघि बढाएको छ । विगत तीन÷चार वर्षदेखि बन्द रहेको नेपाल ब्रुअरी प्रालि, ग्रिन गोल्ड इन्टरनेशनल प्रालि र बानिया मल्टी प्रोडक्ट प्रालिमाथि औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको हो ।

विभिन्न कारणले बन्द रहेका ती उद्योग सञ्चालकलाई पटक–पटक पत्राचार गरिए पनि सम्पर्कमा आउन नचाहेकाले कारबाही प्रकृया अघि बढाइएको हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख सङ्गीता कुँवरले बताए । ‘हामीले सञ्चालकलाई निरन्तर फोन र पत्रचार गरी बोलाइरहेका छौँ’, प्रमुख कुवरले भने,‘तर तीमध्ये नेपाल ब्रुअरीका सञ्चालक सम्पर्कमा आउनुभएको छैन, ग्रीन गोल्ड र बानियाँ मल्टी प्रोडक्टका सञ्चालक केही समय सम्पर्क आएर उद्योग चलाउँछु भनेर जानुभएको थियो । त्यसपछि उहाँहरू पनि सम्पर्कमा आउनुभएन ।’

उद्योगका लागि जग्गा ओगटेर राख्ने तर उद्योग नचलाउने गरेकाले कारबाही प्रक्रिया अघि बढाएको प्रमुख कुँवरको भनाइ छ । कारबाहीस्वरुप नेपाल ब्रुअरी प्रालिको विद्युत् लाइन काटिएको र अन्य कारबाही प्रकृया अघि बढाइएको उनले जानकारी दिए ।

ग्रिन गोल्ड र बानिया मल्टी प्रोडक्ट उद्योगमा जडान गरिएको विद्युत् र खानेपानी लाइन काट्ने तयारी भइरहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । कार्यालयसँग सम्झौता गरेर पनि लामो समयदेखि उद्योग सञ्चालन नगर्ने पाँच उद्योगको सम्झौता खारेज गरिएको छ ।

अमेरिकाको आर्थिक सहयोगमा विसं २०२० मा स्थापना भएको औद्योगिक क्षेत्रभित्र हाल एक सय ४४ उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिइ उद्योग सञ्चालन गरिरहेका छन् । कुल तीन हजार दुई सय २८ रोपनी क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रभित्र हाल १२ उद्योग निर्माणाधीन अवस्थामा छन् ।

कूल क्षेत्रफलमध्ये हाल भाडामा दिएको दुई हजार एक सय ७८ रोपनी, खाली जमिन २६ दशमलब ५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकासलगायत संरचना निर्माण क्षेत्रफल पाँच सय ९७ रोपनी रहेको छ । औद्योगिक क्षेत्रभित्र कार्यालयबाट निर्मित औद्योगिक भवन १०, गोदाम ११ र अन्य भवन ३४ ओटा रहेका छन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले औद्योगिक क्षेत्रहाताभित्रका उद्योग प्रतिष्ठानको आवश्यकता र मागका आधारमा औद्योगिक भवन, गोदाम, क्वाटर भवन र जग्गाको भाडा लिँदै आएको छ ।

मुलुककै सबैभन्दा ठूलो यस औद्योगिक क्षेत्रमा सुरक्षा चुनौती बढ्दो छ । औद्योगिक क्षेत्रको चारैतिर पर्खाल लगाउन नसक्दा सुरक्षा चुनौती बढेको कार्यालय प्रमुख कुँवरले बताए । औद्योगिक क्षेत्रकोबीचबाटै सार्वजनिक बाटो भएकाले सुरक्षा चुनौती बढेको उनको भनाइ छ ।

‘हामीले पर्खाल लगाउन पटक–पटक प्रयास गऱ्यौँ, तर स्थानीयले अवरोध गर्दै आएका छन्’, प्रमुख कुँवरले भने । रासस

# हेटौंडा सिमेन्ट उद्योगमा पुसदेखि उत्पादन हुने




**मकवानपुर ।**
हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले आगामी पुसको पहिलो साताबाट पुनः सिमेन्ट उत्पादन सुरु गर्ने तयारी गरेको छ । उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताएपनि उद्योगको बिभिन्न उपकरणहरु मर्मतको काम नसकिदाँ अझै उत्पादन अझै सुरु हुन नसकेको हो ।

‘उद्योगको क्लिनिकलर मेसिन लगायतका उपकरणहरुको मर्मत कार्य अझै भईरहेकै छ’ उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले भने,‘हामीले तिहारसम्ममा मर्मत सकिन्छ र त्यस लगत्तै पुनः सिमेन्ट उत्पादको कार्य सुरु गर्ने अनुमान गरेका थियौ ।’ तर अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योग सुचारु हुन अझै केही दिन लाग्न सक्ने उनको भनाई छ । उपकरणहरुको मर्मत कार्य सम्पन्न हुने बितिकै यही पुस महिनाको पहिलो साताबाट सिमेन्ट उत्पादन सुरु गर्ने गरी तयारी भईरहेको उनले बताए । उद्योग व्यवस्थापनले यही असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो ।

उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मत सम्भारमा समय लागेको बताउँदै अध्यक्ष भण्डारीले मर्मत सम्भारको काम तीब्र रुपमा भइरहेकाले छिटै सकिने र त्यस लग्तैबाट उत्पादन सुरु गर्ने तयारी भएको बताए । ‘हामीसँगै कच्चा पदार्थको कुनै अभाव छैन’, अध्यक्ष भण्डारीले भने,‘उद्योगलाई चाहिने करिब चार सय मेट्रिक टन कोइला मौज्दात छ ।’ थप कोइला खरिदको प्रक्रिया अघि बढी सकेको छ, त्यसैले कोइलाको समस्या छैन्, उनको भनाई छ । आर्थिक अभावका कारण यसअघि दुई महिना उद्योग बन्द भएको थियो । यही भदौ महिनाको तेश्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको उद्योगले यसअबधीमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले बताए । २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । रासस

# एनपिएलः चितवन राइनोजद्वारा काठमाडौँ गुर्खाज पराजित

**काठमाडौँ ।**
सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो खेलमा चितवन राइनोजले काठमाडौँ गुर्खाजलाई पाँच विकेटले पराजित गरेको छ ।

काठमाडौँ गुर्खाजले जितका लागि प्रस्तुत गरेको एक सय १२ रनको लक्ष्य चितवन राइनोजले १७ दशमलव एक ओभरमा पाँच विकेट गुमाएर पूरा गऱ्यो । चितवनका लागि सन्तोष कार्कीले सर्वाधिक २८ रन बनाए । उनले ३१ बल खेल्ने क्रममा दुई चौका र एक छक्का प्रहार गरे । यस्तै लुक बेन्केनस्टाइनले २२, हसन इशाखिलले १२, कप्तान कुशल मल्लले ११ र रवि बोपराले ११ तथा शरद भेषवाकरले अविजित ११ रन बनाए ।

बलिङतर्फ काठमाडौँ गुर्खाजका लागि शाहब आलमले तीन तथा गेहार्ड इरास्मस र डान डाउथवेटले एक एक विकेट लिए ।

यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको काठमाडौँले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाउँदै एक सय ११ रन बनायो । काठमाडौँका लागि सुमित महर्जनले ४१ बल खेल्दै एक चौकाको सहयोगमा सर्वाधिक २९ रन जोडे ।

यस्तै माइकल लेभिटले १६ बलमा चार चौका र एक छक्का हान्दै २५ रन बनाए । डान डाउथवेटले अविजित १९ र शङ्कर रानाले १६ रन बनाए ।

बलिङतर्फ चितवन राइनोजका लागि सोहेल तन्भिर एक्लैले पाँच विकेट लिए । उनले चार ओभर बलिङ गर्दै २१ रन खर्चिए । यस्तै रिजन ढकाल, अमरसिंह राउटेला, कुशल मल्ल र लुक बेन्केनस्टाइनले एक एक विकेट लिए । रासस

# नेपालमा लगानी गर्न उद्योगमन्त्रीको आह्वान

**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विदेशी लगानीकर्ताले ५० करोड रुपैयाँसम्म लगानी गर्न विदेशबाट आवेदन दिन सकिने बताएका छन् ।




भारतको वाणिज्य तथा उद्योग मन्त्रालय र भारतीय उद्योग परिसंघको आयोजनामा भारतको राजधानी नयाँ दिल्लीमा आजदेखि सुरु भएको दुईदिने २९ औँ साझेदारी शिखर सम्मेलनको पूर्ण सत्रमा मन्त्री भण्डारीले विदेशी लगानीकर्ताहरूले अनलाइन प्रणालीमार्फत स्वतः पूर्वस्वीकृति प्राप्त गर्ने जानकारी दिए ।

त्यसैगरी, एफडिआईको थ्रेसहोल्ड पाँच करोड रुपैयाँबाट घटाएर दुई करोड रुपैयाँमा पुऱ्याइएको र सूचना प्रविधि क्षेत्रमा लगानीको थ्रेसहोल्ड नभएको सो अवसरमा मन्त्री भण्डारीले सम्मेलनमा जानकारी दिए ।

उनले भने, ‘हामीले नेपालमा व्यापार गर्न नीतिगत र कानुनी पक्षमा सुधार गर्न ध्यान केन्द्रित गरेका छौँ, लगानीकर्तालाई दर्ता र सुविधा उपलब्ध गराउन १४ एजेन्सीलाई एउटै छानामुनि ल्याएर वन स्टप सर्भिस सेन्टर (ओएसएससी) स्थापना गरिएको छ ।’

मन्त्री भण्डारीले नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ताहरूले आफ्नो लगानीको नाफा र पुँजीको ‘ग्यारेन्टी’सहित उच्च दरमा प्रतिफल प्राप्त गरिरहेका बताए । उनले भने, ‘बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौतामा हाम्रा प्रतिबद्धताले नेपाललाई अन्तर्राष्ट्रिय व्यापारका लागि सबैभन्दा उदार र खुला बजार बनाएको छ ।’

नेपालमा नवप्रवर्तन, उद्यमशीलता र लगानीलाई प्रवद्र्धन गर्न सक्षम व्यापारिक वातावरण सिर्जना गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले भने,‘नियामक ढाँचालाई थप सुधार गर्न हाम्रा साझेदारहरूबाट प्रतिक्रिया र सुझावका लागि हामी खुला छौँ ।’

मन्त्री भण्डारीले शिखर सम्मेलनमा भएको छलफल र विचार विमर्शले दिगो विकास, नवप्रवर्तन, प्रविधि हस्तान्तरण र समृद्धिलाई अगाडि बढाउन अर्थपूर्ण साझेदारीका लागि मार्ग प्रशस्त गर्नेमा विश्वास व्यक्त गरे । उनले भने,‘आर्थिक समृद्धिका हाम्रा साझा लक्ष्यलाई साकार पार्न पुँजी, नयाँ प्रविधि र विशेषज्ञता ल्याई हामीसँग साझेदार हुन सम्भावित क्षेत्रमा अन्वेषण गर्न म विश्वभरका व्यवसाय र लगानीकर्तालाई आमन्त्रित गर्दछु ।’

‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय नारासहित नेपालले पर्यटन, जलविद्युत्, कृषि, औषधि र सुगन्धित वनस्पति, सूचना प्रविधि तथा उत्पादन जस्ता क्षेत्रमा लगानीका प्रशस्त अवसर प्रदान गरेको सो सम्मेलनमा मन्त्री भण्डारीले बताए । उनले भने,‘अहिले हामी द्विपक्षीय र त्रिपक्षीय व्यवस्थाका साथ हाम्रा छिमेकी मुलुक भारत र बङ्गलादेशमा विद्युत् निर्यात गर्ने अवस्थामा छौँ ।’

साथै मन्त्री भण्डारीले नेपालले भारतसँगको आफ्नो बलियो र ऐतिहासिक सम्बन्धलाई महत्व दिएको उल्लेख गर्दै दुई देशको साझा इतिहास, सांस्कृतिक सम्बन्ध र आर्थिक अन्तर–निर्भरतामा यो सम्बन्धको जरा गहिरो रूपमा गाडिएको बताए । नेपालमा पर्यटन र प्रत्यक्ष वैदेशिक लगानीका हिसाबले भारत सबैभन्दा ठूलो स्रोत देश रहेको उनले उल्लेख गरे । सम्बोधन गर्नु पूर्वभारतीय समकक्षी पियुष गोयलले मन्त्री भण्डारीको स्वागत गरेका थिए । रासस

# ‘क्रेडिट रेटिङ’ले लगानीका लागि नेपाल अनुकूलः अर्थमन्त्री

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ)बाट लगानीका लागि अनुकूल वातावरण देखिएको बताएका छन् ।

अर्थ मन्त्रालयमा आयोजित विकास साझेदारहरूसँगको बैठकमा अर्थमन्त्री पौडेलले प्रमुख दुई ठूला राजनीतिक दल मिलेर सरकार बनेपछि मुलुकमा राजनीतिक र नीतिगत स्थायित्व कायम भएसँगै आर्थिक विकासमा सरकारको ध्यान केन्द्रित भएको बताएका हुन् ।

क्रेडिट रेटिङको नतिजाले लगानीका लागि नेपाल अनुकूल अवस्थामा रहेको देखाएको उल्लेख गर्दै अर्थमन्त्रीले यसले निजी क्षेत्र र लगानीकर्ताको मनोबल बढाउनाका साथै बाह्य लगानी वृद्धि हुने विश्वास व्यक्त गरे । ‘वर्तमान सरकार गठन भएसँगै प्रमुख आर्थिक सूचकमा सुधार हुँदै गएको छ । मुलुकको बाह्य क्षेत्र सन्तुलन र वित्तीय क्षेत्रको अवस्था अनुकूल अवस्थामा छ । चालु वर्षभित्र आर्थिक वृद्धिमा निरन्तर सुधार हुने अनुमान गरिएको छ, जुन यहाँहरूले गर्नुभएका कतिपय प्रक्षेपणले पनि उल्लेख गरेको छ’,विकास साझेदारलाई सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले भने ।

सरकारले पूर्वाधार विकास, मानव संसाधन विकास र निजी क्षेत्रका लागि लगानीको राम्रो वातावरण सिर्जना गर्न जोड दिएको बताउँदै अर्थमन्त्री पौडेलले भने,‘चालु खाताको सन्तुलन, विद्युत् निर्यातमा उत्साहजनक वृद्धि, विप्रेषणमा वृद्धि र पर्यटकहरूको बढ्दो आगमन सङ्ख्या लगायतका कारण मुलुकको अर्थतन्त्र सुदृढीकरणमा योगदान पुग्दै गएको छ । तथापि, हाम्रो निर्यातलाई विविधीकरण गर्दै विस्तार गर्न आवश्यक छ, जसले दीर्घकालमा समेत बाह्य क्षेत्र सुदृढ बनाउन सकियोस् । पछिल्ला वर्षहरूमा पुँजीगत खर्च कम भएका कारण हाम्रो सार्वजनिक लगानीमा अपेक्षित सुधार हुन सकेको छैन् । यसका लागि आयोजनाको गुणस्तर सुधारमा प्राथमिकताका साथ काम गरिरहेका छौँ ।’

सार्वजनिक ऋणको भारबाट तत्काल आँत्तिहाल्नुपर्ने अवस्था नरहेको उल्लेख गर्दै उनले लामो समयसम्म दिगो बनाई राख्न ऋण परिचालनलाई पुनः प्राथमिकीकरण गर्नुपर्ने आवश्यकता महसुस गरेको बताए । नयाँ विकास सहायता परिचालन नीतिको मस्यौदा र सार्वजनिक क्षेत्रमा नवीन वित्त परिचालन सम्बन्धी नयाँ कानुन



बनाउने प्रक्रिया अघि बढेको जानकारी दिँदै अर्थमन्त्री पौडेलले रचनात्मक सुझाव दिन विकास साझेदारहरूसँग अनुरोध गरे ।

सार्वजनिक वित्त व्यवस्थापन प्रणाली सुधारमा पनि सरकारले जोड दिएको उल्लेख गर्दै अर्थमन्त्रीले सार्वजनिक लगानी र हरित अर्थव्यवस्था निर्माणमा लचिलो र एकीकृत दृष्टिकोण निर्माण गर्दै जलवायु न्यूनीकरण र अनुकूलनजस्ता समसामयिक एवं जल्दाबल्दा क्षेत्रमा विकास साझेदारहरूसँग सहकार्य गर्न सरकार तयार रहेको बताए । ‘सार्वजनिक वित्त सन्तुलनमा केही दबाब सामना गरिरहेका छौँ । हाम्रा केही प्रतिबद्ध खर्च बढ्दै गएका कारण पूर्वाधारमा हाम्रो लगानी सङ्कुचित भइरहेको छ । खासगरी सामाजिक सुरक्षा कार्यक्रमहरूप्रति हाम्रो प्रतिबद्धता र बढ्दो ऋण सेवा लागतका कारण पुँजीगत खर्चको अनुपात कम भएको छ’, नेपालको अर्थव्यवस्था चुनौतीमुक्त नभएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले भने,‘प्रदेश र स्थानीय तहमा स्रोत परिचालनको ठूलो माग रहेकाले सोको व्यवस्थापन गर्नुपर्नेछ छ भने पहिले नै कार्यान्वयनमा गइसकेका रणनीतिक आयोजनाहरूमा बजेट विनियोजन गर्नुपर्ने दायित्व पनि सरकारसँग छ ।’

उनले राजस्व परिचालनलाई दिगो बनाउन नयाँ राजस्व परिचालन रणनीति लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दै विकासका सबै प्रयासका लागि वित्तीय स्रोत जुटाउन आन्तरिक प्रयासहरू मात्र पर्याप्त नभएको बताए ।

विकास सहायता नेपालको वित्त व्यवस्थापनको एक महत्वपूर्ण आधारशिला भएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले अझ प्रभावकारी र दिगो परिणाम हासिल हुनेगरी साझा प्रयासहरूलाई अगाडि बढाउन विकास साझेदाहरूलाई आग्रह गरे ।

कार्यक्रममा विकास साझेदारका प्रतिनिधिहरूले नेपालको आर्थिक विकासमा थप सहयोग गर्न आफूहरू तयार रहेको बताउँदै उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेकामा सरकारलाई धन्यवाद दिएका थिए । उनीहरुले क्रेडिट रेटिङको नतिजाले नेपालमा बाह्य लगानीलाई थप आकर्षण गरेको बताए ।

छलफलमा विश्व बैङ्क,एसियाली विकास बैङ्क,संयुक्त राष्ट्रसङ्घीय विकास नियोगलगायत विकास साझेदारहरूको सहभागिता रहेको थियो । रासस

# पर्वतीय क्षेत्रमा जलवायु संवेदनशीलता

*‘म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु’, प्रधानमन्त्री दाहालले सम्बोधनको सुरुमै भनेका थिए,*
*‘तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।’*

## धनी मुलुकको दबाब



धनी र विकसित मुलुकहरुको दबाब र प्रभावमा नै प्रायः कोपका निर्णयहरु आउने र पर्वतीय मुद्दाहरु कोपको निर्णय राख्न आनाकानी गर्दा कोपजस्ता अन्तर्राष्ट्रिय मञ्चको प्राथमिकतामा पर्वतीय क्षेत्रमा जलवायुले पारेको सङ्कटको विषयवस्तु प्राथमिकतामा नराखिने जलवायु व्यवस्थापनविद् डा धर्मराज उप्रेती बताउँछन् । ‘पर्वतीय क्षेत्रहरूमा बसोबास गर्ने जनसङ्ख्या कम भएकाले पनि यी क्षेत्रको आवाज अन्तर्राष्ट्रिय मञ्चमा कमजोर हुन्छ, साना अर्थतन्त्र भएका हुँदा उनीहरूको राजनीतिक प्रभाव पनि सीमित रहेकाले कम प्राथमिकतामा पर्छ’, उनले भने, ‘पर्वतीय क्षेत्रहरूका जलवायु प्रभावसम्बन्धी राम्रोसँग अनुसन्धान नहुँदा स्पष्ट तथ्याङ्क र प्रमाण छैन ।

तसर्थ यी क्षेत्रका मुद्दाहरूले अन्तर्राष्ट्रिय मञ्चमा ध्यान कम पाउँछन् ।’ जलवायु व्यवस्थापनविद् डा उप्रेतीका अनुसार जलवायु परिवर्तनको असरले पर्वतीय पारिस्थितिकीय प्रणाली, जीविकोपार्जन, कृषि प्रणाली, जैविक विविधता, भौतिक पूर्वाधार, पर्वतीय क्षेत्रको संस्कृतिमा पु¥याएको क्षति अन्तर्राष्ट्रियस्तरले चिन्दैचिन्दैन । ‘अब पर्वतीय तथा पहाडी क्षेत्रमा जलवायु लगानी बढाउनुपर्छ’, उनले भने ।

## एलडिसीबाट बाहिरिए पनि जलवायु सुविधाका लागि पहल हुने

नेपालले सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकहरुको समूह (एलडिसी) को श्रेणीबाट बाहिरिने लक्ष्य राखेको छ ।

एलडिसीबाट बाहिरिने प्रक्रिया विकासशील राष्ट्रहरूको सूचीमा उक्लिन नेपालको प्रगतिलाई सङ्केत गर्छ । संयुक्त राष्ट्रसङ्घले एलडिसीको वर्गीकरण निर्धारण गर्न आर्थिक, सामाजिक र पर्यावरणीय सूचकको मापदण्डमा हासिल गरेको प्रगतिपछि नेपाल एलडिसीको श्रेणीबाट बाहिरिने छ ।

नेपालका लागि यो चरणले विदेशी सहायता, व्यापार लाभ र विशेष अवसरमा परिवर्तन ल्याउन सक्छ ।

तर एलडिसीको चरणबाट बाहिरिए पनि पर्वतीय क्षेत्रमा जलवायुको सङ्कट बढिरहेको उल्लेख गर्दै प्रमुख डा ढुङ्गाना सधैँ जलवायु सुविधा उपलब्ध गराउनुपर्नेमा निरन्तर पैरवी गरिने बताउँछन् । ‘एलडिसीमा नरहे पनि हिमालय देशहरुलाई जलवायु सङ्कटको हिसाबले माथि नै राखेर जलवायु सुविधाहरु कायम राख्नुपर्छ भनेर पैरवी गरिरहेका छौँ’, उनले भने ।

**काठमाडौँ ।**
पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनले पु¥याएको असरको विषयमा नेपालले गम्भीरताका साथ आवाज उठाए पनि अन्तर्राष्ट्रिय मञ्चहरुमा हालसम्म ती मुद्दाले प्राथमिकता पाउन सकेको छैन । केही दिनअघि अजरबैजानको बाकुमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २९औँ शिखर सम्मेलन (कोप २९) को निर्णयमा पनि पर्वतीय मुद्दा समेटिन सकेन । पर्वतीय क्षेत्रलाई जलवायु परिवर्तनबाट अत्यन्त प्रभावित हुने संवेदनशील क्षेत्रका रुपमा लिइन्छ । ती क्षेत्रका पारिस्थितिक प्रणाली, जैविक विविधता र मानव जीवन जलवायु परिवर्तनका कारण ठूला चुनौतीहरूको सामना गरिरहेको विभिन्न अनुसन्धानले देखाएको छ । तर कोपजस्ता अन्तर्राष्ट्रिय मञ्चमा पर्वतीय क्षेत्रका मुद्दाले प्राथमिकता पाउन सकेको छैन ।



कोप २९ लाई सम्बोधन गर्न नेपालको नेतृत्व गर्दै बाकु पुगेका राष्ट्रपति रामचन्द्र पौडेलले हिमाल र पृथ्वीको सुरक्षाका लागि आवाज उठाएका थिए । जलवायु परिवर्तनको असरका कारण बढेको र यसले निम्त्याएको जोखिमका उदाहरणसमेत प्रस्तुत गरेर उनी स्वदेश फर्किए । यसैगरी, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलगायत अन्य उपस्थित प्रतिनिधिहरुले पनि पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको विषयलाई प्राथमिकताका साथ पैरवी गर्नुभएको थियो । कोपमा नेपालको प्रतिनिधिमण्डल जलवायु वित्त, जलवायुजन्य हानि–नोक्सानी न्यूनीकरण, कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्राविधिक र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिता लगायतका विषयगत कार्यपत्र तयार गरी उपस्थित भएको थियो ।

त्यसो त गत वर्ष युएईको दुबईमा सम्पन्न कोप–२८ मा पनि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जलवायु परिवर्तनको असरबाट हिमाललाई बचाउनुपर्ने भन्दै जोड्दार माग राखेका थिए । ‘म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु’, प्रधानमन्त्री दाहालले सम्बोधनको सुरुमै भनेका थिए, ‘तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।’

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्पन्न १५औँ कोपमा भाग लिन तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएको थियो । त्यसबेलादेखि नै कोपमा नेपालले हिमालको मुद्दालाई प्राथमिकताका साथ उठाइरहेको छ । जलवायु परिवर्तनको असरले पर्वतीय क्षेत्रहरुको पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा पारिरहेको नकारात्मक असरहरुका बारेमा नेपालले सन् २००९ देखि जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन लगायतका अन्तर्राष्ट्रिय मञ्चहरुमा निरन्तर आवाज उठाएको छ ।

नेपालले १५ वर्षदेखि निरन्तर रुपमा उठाएको पर्वतीय क्षेत्रको मुद्दा कोपजस्तो ठूलो अन्तर्राष्ट्रिय मञ्चमा छुट्टै ‘एजेन्डा’को विषयवस्तु बन्न सकेको छैन । गत वर्षको २८औँ कोपमा पनि दस्तावेजीकरण मात्रै भएको पर्वतीय मुद्दा यस वर्ष बाकुमा सम्पन्न २९औँ कोपमा




पनि दस्तावेजीकरण मात्रै गरिनुले कोपमा उपस्थित नेपाली प्रतिनिधिहरु नै असन्तुष्ट हुनुहुन्छ । २९औँ कोपको निर्णयमा पर्वतीय क्षेत्रको मुद्दा दस्तावेजीकरणमा मात्रै राखिनुलाई आंशिक सफलता मात्रै मान्न मिल्ने प्रतिक्रिया दिन्छन्, वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा सिन्धुप्रसाद ढुङ्गाना । ‘पर्वतमा आधारित कार्य ‘ग्लोबल स्टेक’अन्तर्गत राखेर पेरिस सम्झौताको सफलता के कति भएका छन् ? भनेर ‘रिपोर्ट’ बुझाउनुपर्ने व्यवस्था गरिनुलाई चाहिँ सकारात्मक निर्णयका रुपमा लिन सकिन्छ । दस्तावेजीकरण हुनु नै आगामी कोपमा पर्वतका मुद्दालाई निर्णयमा राख्ने बाटो खुलेको हो’, उनले भने, ‘तसर्थ हामी असफल भयौँ भन्न पनि मिल्दैन । पर्वतको ‘एजेन्डा’लाई लिएर हेर्दा कोपको नतिजामा आंशिक सफलता मिलेको मान्न सकिन्छ ।’

उनले पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको विषयमा पर्याप्त अनुसन्धान हुन नसक्दा कोपजस्ता अन्तर्राष्ट्रिय मञ्चहरुमा अझै पर्वतीय क्षेत्रका जलवायु सङ्कटका विषयले प्राथमिकता पाउन नसकेको स्पष्ट पारे । ‘जलवायु र पर्वतीय विषयमा वैज्ञानिक अनुसन्धानहरु सहितको ‘जर्नल आर्टिकल’ कम भएका छन् । पर्वतीय क्षेत्रमा जलवायुले पारेको असरको वैज्ञानिक प्रमाणहरु दिन आवश्यक छ’, उनले भने, ‘धनी र विकसित मुलुकहरुमा पर्वतीय क्षेत्रहरु कम भएकाले पनि उनीहरुले यस मुद्दालाई कोपको निर्णयमा पार्न आनाकानी गरिरहेका हुन् ।’ उनले नेपालले पर्वतीय क्षेत्रको नेतृत्व गर्दै निरन्त रुपमा पैरवी गर्दै आइरहेकाले विश्वका अन्य पर्वतीय मुलुकहरुसँग मिलेर आगामी कोपको निर्णयमा पर्वतीय मुद्दा समावेश गराउने गरी तयारी अगाडि बढाइने जानकारी दिए । नेपाल, कीर्गिस्तान, भूटान, चिली, इटली, माउन्टेन्ट पाटनरशिपलगायतले पनि पर्वतीय क्षेत्र र जलवायु सङ्कटका विषयवस्तुमा पैरवी भइरहेको प्रमुख ढुङ्गानाले जानकारी दिए ।

### जटिल समस्या र बढी लागत

पृथ्वीमा बढ्दो तापमानका कारण पर्वतीय क्षेत्रका जलवायुजन्य सङ्कटका कारण हिमनदी पग्लिने, हिमताल विस्फोट, हिउँपहिरो पानीको स्रोत सुक्ने, भू–क्षय, र जैविक विविधता विनाश हुने लगायतका समस्या उत्पन्न भइरहेको जलवायुविद् मञ्जित ढकाल बताउँछन् । ‘जलवायुजन्य यस्ता जटिल समस्याहरू समाधान गर्न जलवायुका ठूला योजना चाहिन्छन् । सँगसँगै धेरै लागत आवश्यक पर्छ’, उनले भने, ‘जुन अन्तर्राष्ट्रिय मञ्चले चुनौतीपूर्ण रुपमा हेर्छ, तर हामी थाक्नु हुँदैन । निरन्तर दबाब दिइरहनुपर्छ ।’

### सामूहिक आन्दोलनको कमी

जलवायु युवा अभियन्ता वर्षा लेखीले जलवायुजन्य सङ्कटबाट पर्वत बचाउनका लाागि पर्वतीय समुदायहरूबाट आफ्नो मुद्दामा विश्वव्यापी रूपमा एकीकृत आवाज उठाउन नसकेकाले पनि अन्तर्राष्ट्रिय मञ्चमा पर्वतका मुद्दाले कम प्राथमिकता पाएको बताए । ‘आगामी कोपहरुमा जानुअघि नै पर्वतीय समुदायहरूबीच एकता कायम गरी पर्वतका एजेन्डामा एकीकृत आवाज उठाउन पहल गर्नुपर्छ, यसको नेतृत्व बरु नेपालले पनि गर्न सक्छ’, उनले भने, ‘पर्वतीय क्षेत्रको विशिष्ट प्रभावलाई सम्बोधन गर्न छुट्टै अन्तर्राष्ट्रिय पहल र नीति बनाउन आवश्यक छ ।’

### अपर्याप्त तयारी

जलवायुविद् डा पपुलर जेन्टल भुसालले भने नेपाललगायत पर्वतीय मुलुकहरुको तयारी पर्याप्त नहुँदा कोप–२९ मा पर्वतीय क्षेत्रका मुद्दामा कोपको निर्णय फलदायी नभएको प्रतिक्रिया दिए ।
‘पर्वतको मुद्दामा निरन्तरण संवाद गर्नुपथ्र्यो, अनि पर्वतीय मुलुकहरुबीच कसरी साझा आवाज बनाउने भनेर पनि आवश्यक छलफल गर्नुपथ्र्यो’, उनले भने, ‘पर्वतको मुद्दामा हामी कोसँग मिलेर काम गर्ने भन्ने राम्रो तयारी नहुँदा कोप–२९ मा पर्वतको एजेन्डामा कुनै उपलब्धि नै भएन । कोप अगाडि अन्तर्राष्ट्रियस्तरको संवाद हुनुपर्छ ।’ रासस




**विवाहपञ्चमीमा सजावट:** भारतको अयोध्याबाट विवाह पञ्चमीका लागि जन्तीको स्वागतका लागि फूलमालाले सजाइएको महोत्तरीको मटिहानीमा रहेको प्रसिद्ध लक्ष्मीनारायण मन्दिर (मठ) । तस्बिर सौजन्यः मो.इसराफिल ऐबुल/ रासस

# लामिछानेलाई पक्राउ गर्न पर्सा प्रहरीद्वारा अदालतसँग अनुमति माग

**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारीको रकम अपचलन मुद्दामा पूर्वगृहमन्त्री तथा रास्वपाका सभापति रवि लामिछानेसहित तीनजनालाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय पर्साले पनि अदालतसँग अनुमति माग गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर ६, आदर्शनगरमा सञ्चालित सानो पाइला बचत तथा ऋृण सहकारी संस्थाबाट अवैध तबरले गोर्खा मिडिया नेटवर्क प्रालिमा ८ करोड ५८ लाख ४४ हजार रूपैयाँ प्रवाह



गरिएको समाचार यसअघि प्रकाशन भएको थियो । सानोपाइला सहकारीका अध्यक्ष जीवी राई हुन् । जिल्ला प्रहरी कार्यालय पर्साले गोर्खा मिडियाका प्रबन्ध निर्देशकको हैसियतले लामिछाने, राई र पूर्वडीआईजी छविलाल बन्जाडे जोशीका विरुद्ध पक्राउ अनुमति माग गरी अनुसन्धान अगाडि बढाउन लागेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरक्षिक कुमोध ढुंगेलले बताए । सहकारी ठगीमा उक्त गिरोहमाथि अनुसन्धान गर्ने पर्सा पाचौं जिल्ला हो । यसअघि उनीहरूमाथि कास्की, रुपन्देही, काठमाडौँ र चितवनका विभिन्न सहकारी ठगीमा अनुसन्धान चलिरहेको छ ।

# १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लक्ष्मीनिया गाउँपालिकाको बी.पी. कोईराला माध्यमिक विद्यालय सपही धनुषामा दलान नेपालद्वारा १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान सम्पन्न भएको छ । यस कार्यक्रमले बालबालिका, शिक्षक र समुदायका सदस्यहरूमा लैङ्गिक हिंसाबारे सचेतना फैलाउन महत्त्वपूर्ण योगदान पु¥याएको सहभागीहरुले बताएका छन् । कार्यक्रमको विषयवस्तु 'असल छुवाई र खराब छुवाई' को अवधारणामा आधारित कक्षा ६, ७ र ८ का बालवालिका, शिक्षक र शिक्षिकाहरुको सक्रिय सहभागिता रहेको थियो । यसले बालबालिकाहरूलाई आफ्नो सुरक्षा सुनिश्चित गर्न र लैङ्गिक हिंसाबारे सचेत रहन प्रेरित गरेको थियो । कार्यक्रमको पहिलो चरणमा दलान नेपालका प्रतिनिधिले 'असल छुवाई र खराब छुवाई' को अवधारणाबारे गहन प्रस्तुतीकरण गरेका थिए । बालबालिकाहरूलाई कसरी सकारात्मक र नकारात्मक स्पर्शलाई पहिचान गर्ने र त्यसको प्रभावबारे जानकारी समेत दिइएको थियो । कार्यक्रमको अर्को चरणमा भिडियो प्रस्तुतीकरण गरिएको थियो । यसले बालबालिकाहरूलाई दृष्टान्तका माध्यमबाट सन्देश प्रभावकारी रूपमा बुझ्न सहायता गरेको थियो ।

बालबालिकाहरूलाई आफ्ना जिज्ञासाहरू राख्ने अवसर प्रदान गर्नुका साथै प्रशिक्षकहरूले प्रश्नहरूको उत्तर दिँदै बालबालिकाहरूलाई सुरक्षित रहनका उपायहरूबारे जानकारी दिएका थिए । कार्यक्रमको अन्त्यमा सहभागीहरूलाई विभिन्न सचेतनामूलक सामग्री वितरण




गरियो । यसले विद्यार्थीहरूलाई जानकारीमूलक स्रोतहरू प्रदान गरेका थिए ।
यो अभियान दलान नेपालको दीर्घकालीन परियोजनाको एक भाग हो, जसले एकल महिला, महिला, र विधवाहरूलाई सशक्त बनाउँदै स्थानीय शासन र निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखेको छ । परियोजनाले समुदायमा समावेशी शासन र महिला अधिकारका मुद्दाहरूलाई प्राथमिकता दिएको छ । कार्यक्रमले बालबालिकाहरूमा मात्र नभई शिक्षकहरू र समुदायका अन्य सदस्यहरूमा पनि सकारात्मक प्रभाव पार्ने छ दलान नेपालका परियोजना संयोजक दिलिप कुमार ईश्वरले बताए । कार्यक्रमबाट विद्यार्थीहरूले लैङ्गिक हिंसाबारे गहिरो समझदारी र सुरक्षित उपायहरूबारे ज्ञान प्राप्त गर्नुका साथै शिक्षकहरूले बालबालिकाहरूलाई लैङ्गिक समानता र सुरक्षा शिक्षा दिन थप सशक्त महसुस गरेका थिए । त्यसैगरी बालबालिकाहरूले कार्यक्रमको सन्देश समुदायमा प्रवाह गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्नेमा दलान नेपालका कार्यकारी निर्देशक धर्मानन्द ठाकुरको बिश्वास रहेको बताउँछन् ।

कार्यक्रममा सहभागी भएका विद्यार्थीहरूले यो कार्यक्रमबाट महत्त्वपूर्ण शिक्षा प्राप्त गरेको बताए, एक छात्राले भनिन्, मलाई 'असल छुवाई र खराब छुवाई' बीचको भिन्नता थाहा थिएन । यो कार्यक्रमले मलाई आफ्नो सुरक्षा र अधिकारबारे सोच्न प्रेरित गरेको छ । त्यस्तै, बालबालिकाहरूलाई यस्ता विषयबारे शिक्षित गर्न जरुरी छ । यो कार्यक्रमले शिक्षक र विद्यार्थी दुवैलाई लाभ पुऱ्याएको छ, एक शिक्षकले भने ।'
यस्ता कार्यक्रमलाई भविष्यमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै यस कार्यक्रले केवल बालबालिकाको सुरक्षा र लैङ्गिक समानताका लागि मात्र नभई समुदायमा जिम्मेवार नागरिक तयार पार्न पनि सहयोग गर्ने दलान नेपालले भनेको छ ।
१६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियानले लक्ष्मीनिया गाउँपालिकामा बालबालिकाहरू, शिक्षकहरू, र समुदायमा जागरूकता फैलाउन महत्वपूर्ण भूमिका खेलेको छ । यसले बालबालिकाहरूको सुरक्षाका लागि ठोस आधार निर्माण गरेको छ दलान नेपालका कार्यकारी निर्देशक ठाकुरले बताए । यो कार्यक्रमले दलान नेपालको उद्देश्य—महिला सशक्तीकरण, समावेशी शासनको प्रवद्र्धन, र समुदायमा सकारात्मक परिवर्तन—लाई थप सुदृढ बनाउन सहयोग पुरयाएको छ । यस अभियानले समुदायमा दीर्घकालीन प्रभाव पार्ने विश्वास समेत गरिएको छ ।
दलान नेपालले यूएसएआईडी, सिभिल सोसाइटी मिडिया, र द एशिया फाउन्डेसनको सहयोगमा सञ्चालन गरिरहेको एकल महिलाको सामाजिक अधिकारका लागि समावेशी शासन परियोजनामा यो अभियानले थप उर्जा प्रदान गर्न सक्ने बिश्वासका साथ परियोजना लक्ष्मीनिया गाउँपालिकाका सातै वडामा लागू गरिएको छ, जसको मुख्य उद्देश्य एकल महिला, महिला, र विधवाहरूलाई स्थानीय शासन र निर्णय प्रक्रियामा सहभागी गराई उनीहरूको आवाजलाई सशक्त बनाउनु रहेको दलान नेपालका कार्यकारी निर्देशक धर्मानन्द ठाकुरले बताए ।

## उपनिर्वाचन

# ईशनाथ–७ मा कांग्रेसका खालिक विजयी

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटको इशनाथ नगरपालिका वडा नं ७ को अध्यक्षमा नेपाली कांग्रेसका शेख अब्दुल खालिक विजयी भएको निर्वाचन आयोगले जनाएको छ ।



आइतबार सम्पन्न उपनिर्वाचनमा कांग्रेसका खलिकले छ सय २७ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का शेख अनवारले पाँच सय ७५ मत प्राप्त गरे ।
आयोगका अनुसार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सदरे आलमले चार सय ५२ मत प्राप्त गर्दा जनमत पार्टीका शेख जमिरुल हकले एक सय ३५ मत प्राप्त गरे । साथै नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का शेख अमिरुलले २४, राष्ट्रिय प्रजातन्त्र पार्टीका मदन शाहले १४, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का शेख असराजले छ र जनता समाजवादी पार्टी नेपालका शेख अब्दुल अहमदले चार मत प्राप्त गरे । साथै स्वतन्त्र उम्मेदवारहरु शेख अंजर हुसेनले दुई, शेख अबुजैरले एक र शेख नजिरुलले एक मत प्राप्त गरे ।

# गढीमाई –८ मा एकीकृत समाजवादीका यादव विजयी



रौतहटको गढीमाई नगरपालिका वडा ८ को वडाध्यक्ष पदमा नेकपा (एकीकृत समाजवादीकास)का उम्मेदवार बजरङ्गीप्रसाद यादव विजयी भएका छन् ।
उपनिर्वाचनमा उनले छ सय ५५ मत प्राप्त गरेका हुन् । उनका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का जिउतीदेवी यादवले छ सय ३१ मत ल्याएका थिए भने नेपाली कांग्रेसका सुबोधकुमार यादवले छ सय १७ मत र जसपा नेपालका सन्देशप्रसाद यादवले दुई सय ५८ मत ल्याएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दासले जानकारी दिए । यसअघिको निर्वाचनमा जनता समाजवादी पार्टी नेपालका रामाज्ञा यादव निर्वाचित भएका थिए ।

# राजपुर–६ मा कांग्रेसका आलम विजयी



रौतहटको राजपुर नगरपालिका वडा नं ६ मा नेपाली कांग्रेसका सम्से आलम विजयी भएका छन् ।
उनले ७ सय ४४ मत प्राप्त गरे भने उनका निकट्तम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका मोहम्मद जिकरुलाहले ४ सय ६३ मत प्राप्त गरे ।
त्यसैगरी नेकपा एमालेका मोहम्मद नसिम अख्तरले ४३१ मत, जनमतका क्यमुदिन धुनियाले ४५ मत प्राप्त गरे ।

# रामगोपालपुर–२ मा नेकपा एमालेका खाँ निर्वाचित



महोत्तरीको रामगोपालपुर–२ मा नेकपा एमालेका सकिवुल खाँ निर्वाचित भएका छन् । स्थानीय तहको उपनिर्वाचनमा खाँले ६३१ मत प्राप्त गरे । उनका निकट्तम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका आइती कुमारी यादवले ५३४ मत प्राप्त गरिन भने कांगेसका मोहम्मद जनिफ खाँले २८४ मत प्राप्त गरे ।

# धनुषाधाम–१ मा माओवादीका केवट विजयी



धनुषाधाम नगरपालिका वडा नं १ को अध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सुनिल कापर केवट निर्वाचित भएका छन् । आइतबार भएको उपनिर्वाचनमा केवटले छ सय ८४ मत प्राप्त गरी विजयी भएको निर्वाचन कार्यालयले जनाएको छ ।
कार्यालयका अनुसार नेपाली कांग्रेसका अशोककुमार मण्डलले छ सय दुई मत प्राप्त गरे । साथै जनता समाजवादी पार्टी नेपालका अजयकुमार यादवले चार सय ९९, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमोद यादवले तीन सय ६५, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामदेव सिंह दनुवारले २७ र जनमत पार्टीका कुशेश्वर मण्डलले २५, राष्ट्रिय स्वतन्त्र पार्टीका राम नरेश दासले १० मत प्राप्त गरेका छन् ।

# डाक्रेश्वरी–४ मा जसपा नेपालका यादव विजयी



सप्तरीको डाक्रेश्वरी नगरपालिका वडा नं ४ को अध्यक्षमा जनता समाजवादी पार्टी (जसपा) नेपालका देवेन्द्रप्रसाद यादव विजयी भएका छन् । आइतबार सम्पन्न उपनिर्वाचनमा यादवले तीन सय ७२ मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ । यादवका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जोगिन्द्र राय अमातले दुई सय ७७ मत प्राप्त गरे । साथै जनमत पार्टीका उदय नारायण पण्डितले दुई सय ३१, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सञ्जयकुमार यादवले ६८, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का भागवत रामले नौ, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामकुमार यादवले छ र नागरिक उन्मुक्ति पार्टीका शिवकुमार रामले तीन र जनता समाजवादी पार्टीका रविन्द्र रायले तीन मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ ।

# डाक्रेश्वरी–१ मा जसपा नेपालका साह विजयी



सप्तरीको डाक्रेश्वरी नगरपालिका वडा नं १ को अध्यक्षमा जनता समाजवादी पार्टी, नेपालका धिरेन्द्रकुमार साह विजयी भएका छन् ।
आइतबार सम्पन्न उपनिर्वाचनमा साहले छ सय ५२ मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ । साहका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका भुलियादेवी थरुनीले पाँच सय ८७ मत प्राप्त गरे । साथै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का भगबानी साहले दुई सय ६५, राष्ट्रिय प्रजातन्त्र पार्टीका सतिशकुमार चौधरीले एक सय ६५, जनमत पार्टीका शैलेन्द्रकुमार साह (तेली)ले ७४, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमोदकुमार सन्तले २९, नागरिक उन्मुक्ति पार्टीका अनरुद्रप्रसाद चौधरीले २० र स्वतन्त्र उम्मेदवार सुशील साहले दुई मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन